# प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि,२०८०

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**नेपाल प्रहरी प्रधान कार्यालय,**

**कल्याण महाशाखा, नक्साल**

## विषय सूची :

१. प्रस्तावना........................................................................१
२. प्रारम्भिक ........................................................................१
३. सञ्चालक समितिको वैठक ........................................................................२
४. कोषका कल्याणकारी कार्यक्रम सञ्चालन तथा अनुगमन........................................................................४
५. कोषको स्रोत तथा कोषबाट सञ्चालन गरिने कल्याणकारी कार्यक्रमहरू ........................................................................८
६. प्रहरी कल्याण कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन........................................................................१०
७. कोषबाट सञ्चालन हुने सेवामूलक कार्यहरू........................................................................१३
८. आयमूलक कार्यक्रम ........................................................................१४
९. शैक्षिक वृत्ति तथा छात्रवृत्ति........................................................................१६
१०. कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता........................................................................१९
११. आर्थिक सहयोग तथा अनुदान........................................................................१९
१२. किस्तावन्दी कर्जा कार्यक्रम........................................................................२१
१३. बिशेष कल्याणकारी कोष........................................................................२६
१४. बैठक/ तालिम/ समारोह/अनुगमन/भ्रमण ........................................................................३१
१५. परामर्श सेवा तथा करार कर्मचारी नियुक्ति........................................................................३१
१८.राहत सामान ........................................................................३२
१९. विविध ........................................................................३३
१७.अनुसूचीहरू........................................................................३५

# प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि,२०८०

| | स्वीकृत मिति |
|---|---|
| **संशोधन** | २०८०।०९।१९ |
| प्रहरी कल्याण कोष (पहिलो संशोधन) सञ्चालन कार्यविधि,२०८२ | २०८२।०१।१६ |
| प्रहरी कल्याण कोष (दोस्रो संशोधन) सञ्चालन कार्यविधि,२०८२ | २०८२।१०।०६ |

**प्रस्तावना** : नेपाल प्रहरीका बहालवाला/सेवानिवृत्त प्रहरी कर्मचारी एवम् तिनका आश्रित परिवार र अमर/सहिद प्रहरी परिवारका सदस्यहरूको स्वास्थ्य, शिक्षा, सहुलियत (नगद/सामान) कर्जा, आर्थिक अनुदान, खेलकुद लगायतका विविध कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले वि.सं.२०५२ सालमा स्थापना भएको प्रहरी कल्याण कोषबाट थप सेवामूलक र आयमूलक कार्यक्रम समेत सहज र प्रभावकारी ढंगले सञ्चालन गर्न कार्यविधिलाई संशोधन तथा एकिकरण गर्न वाञ्छनीय भएकोले,

प्रहरी नियमावली,२०७१ को नियम १९४ को उपनियम (१२) को (ग) बमोजिम प्रहरी कल्याण कोष सञ्चालक समितिले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएपछि लागू हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले "प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि,२०८०" लाई सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले प्रहरी नियमावली, २०७१ लाई जनाउँदछ।

(ग) "समिति" भन्नाले नियमावलीको १९४ बमोजिमको सञ्चालक समितिलाई जनाउँदछ।

(घ) "संरक्षक" भन्नाले नियमावलीको नियम १९४ को उपनियम ९ बमोजिमको संरक्षकलाई सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले नियमावलीको नियम १९४ को उपनियम १० मा उल्लेखित समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "सदस्य" भन्नाले नियमावलीको नियम १९४ मा उल्लेखित समितिको सदस्यलाई सम्झनु पर्दछ।

(छ) "सदस्य-सचिव" भन्नाले नियमावलीको नियम १९४ मा उल्लेखित समितिको सदस्य-सचिवलाई सम्झनु पर्दछ।

(ज) "बैठक" भन्नाले प्रहरी नियमावली, २०७१ को नियम १९४ बमोजिम गठित समितिको बैठकलाई सम्झनु पर्दछ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले सञ्चालक समितिबाट पारित निर्णयको आधारमा जारी गरिएको आदेश, निर्देशन र परिपत्र सम्झनु पर्दछ।

(ञ) "कोष" भन्नाले नियमावलीको नियम १९४ बमोजिम स्थापित प्रहरी कल्याण कोषलाई सम्झनु पर्दछ।

(ट) "प्रमाणित प्रतिलिपि" भन्नाले नोटरी पब्लिकबाट प्रमाणित गरिएका प्रतिलिपिलाई मात्र सम्झनु पर्दछ।

(ठ) "सपिङ कम्प्लेक्स" भन्नाले कोष अन्तर्गत सञ्चालित भाडामा लगाउने प्रयोजनका लागि निर्माण गरिएका सटर तथा कोठालाई सम्झनु पर्दछ।

(ड) "राहत सामान" भन्नाले स्कुटर, कृत्रिम अंगहरू, श्रवण यन्त्र तथा अशक्त प्रहरी कर्मचारीको लागि आवश्यक अन्य उपकरणहरूलाई सम्झनु पर्दछ।

(ढ) "गम्भीर रोग" भन्नाले [1]देहाय बमोजिमका रोगलाई सम्झनु पर्दछ :-

(१) **मुटु** : मुटुरोग सम्बन्धी जटिल रोग लागी अस्वस्थ्य भई आजीवन नियमित औषधी उपचारमा रहेका, जटिल शल्यक्रिया गरेका, Valve फेरेका र धमनी Bypass वा Stene हालेका वा Pacemaker जडान गरेको बिरामी,

(२) **क्यान्सर** : शरीरको कुनै पनि अंगमा Cancer भई शल्यक्रिया तथा केमोथेरापी, रेडियोथेरापी वा दुवै गर्नुपर्ने वा गरिरहेका वा गरिसकेका बिरामी,

(३) **मष्तिक तथा मेरूदण्ड** : मष्तिस्क तथा मेरूदण्ड रोग लागी Thrombolysis वा Thrombectomy गर्नु परेमा वा मेरूदण्डको रोगहरू मध्ये कुनै पनि Injury जसले Permanent Disability (स्थायी अपाङ्गता) भएका बिरामी,

(४) **श्रवण शक्तिमा समस्या** : श्रवण शक्तिमा ह्रास भई Cochlear Implantation गरेका बिरामी,

(५) **पार्किन्सन** : पार्किन्सन रोग लागि उपचार गर्नुपर्ने बिरामी।

(ण) "परिवार" भन्नाले प्रहरी कर्मचारीको आमा, बुवा, श्रीमान, श्रीमती, छोरा तथा छोरी समेतलाई सम्झनु पर्दछ।

(त) "प्रहरी अस्पताल" भन्नाले नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज र प्रदेश प्रहरी अस्पताललाई सम्झनु पर्दछ।

**३. <u>कार्यविधिको प्रमुख उद्देश्य</u>** : (१) प्रहरी कल्याण कोषलाई अझ बढी व्यवस्थित एवं पारदर्शी बनाउँदै लैजाने,

(२) कोषबाट प्रवाह हुने हरेक सेवा सुविधाहरूलाई सरल, विकेन्द्रीत तथा प्रभावकारी बनाउने।

(३) कल्याण कोषबाट सम्पादन हुने कार्यहरू एवं प्रवाह हुने सेवा सुविधा उपलब्ध गराउने प्रकृयामा एकरूपता ल्याउने।

(४) कल्याण कोषबाट प्रदान हुने सेवा सुविधा उपलब्ध गराउने प्रकृयालाई सहज एवं छिटो छरितो बनाउने।

(५) कल्याणकारी कार्यक्रम सञ्चालनका लागि कार्य गर्ने प्रहरी कर्मचारीहरूलाई मार्गदर्शन प्रदान गर्ने।

## परिच्छेद-२
## सञ्चालक समितिको वैठक

**४. <u>वैठक सञ्चालन प्रक्रिया</u>** : प्रहरी कल्याण कोष सञ्चालनको लागि प्रहरी नियमावली, २०७१ को नियम १९४ को उपनियम १० मा उल्लेखित सञ्चालक समितिको बैठकहरू व्यवस्थित एवं उपयोगी बनाउन तपशिल बमोजिम हुनेछ।

(१) बैठकको अध्यक्षता नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षकबाट हुनेछ। निजको कार्य व्यस्तता वा अनुपस्थितिमा संरक्षकले तोकेको सदस्यबाट बैठकको अध्यक्षता हुनेछ।

(२) समितिको सदस्य-सचिवको अनुपस्थितिमा कल्याण महाशाखाका वरिष्ठतम् अधिकृतबाट निमित्त सदस्य-सचिवको काम कारवाही गर्नेछन।

---
[1] दोस्रो संशोधनद्वारा संशोधित

(३) समितिको कूल कायम हुने संख्याको ५० प्रतिशतलाई गणपूरक संख्या मानिनेछ र सो संख्या अपुग भएको अवस्थामा बैठक सञ्चालन गरिने छैन।

(४) समितिका सदस्य-सचिवद्वारा बैठकमा प्रस्तावहरू पेश हुनेछन्। प्रस्तुत प्रस्तावहरू उपर छलफल पश्चात भएका निर्णयहरूको लिखित माइन्यूट तयार गरी आवश्यकता अनुसार सम्बन्धितलाई जानकारीको लागि पठाइनेछ।

(५) समितिको नियमित बैठक कम्तिमा २ (दुई) महिनामा १ (एक) पटक बस्नेछ। आवश्यकता अनुसार अध्यक्षबाट बैठक आव्हान भएमा थप बैठकहरू समेत बस्न सक्नेछ।

(६) अध्यक्षको निर्देशनमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा सरोकारवालाहरूलाई समेत बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(७) सञ्चालक समितिको वैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछन्।

**५. बैठकमा पेश गरिने प्रस्ताव सम्बन्धमा**:(१) प्रहरी कल्याण कोषको बैठकमा कोषको विकास र सरोकारवालाहरूको लागि कल्याणकारी कार्यक्रम सम्बन्धी विषयवस्तुहरूमा छलफल हुनेछ।

(२) कल्याण कोषको व्यवस्थित सञ्चालनका लागि मुलतःदेहायका विषय वस्तुहरू बैठकका प्रस्ताव बन्न सक्नेछन् :-

(क) नेपाल सरकार, गृह मन्त्रालय र अन्य निकायबाट प्राप्त कोष सञ्चालन वा कोषका सेवाग्राहीहरूको कल्याणसँग सम्बन्धित नीतिगत विषयहरू,

(ख) यू.एन. मिशनमा कार्यरत नेपाल प्रहरीका UNPOL तथा FPU मा खटिने प्रहरी कर्मचारीका सेवा सुविधा वा मिशन सञ्चालनसँग सम्बन्धित विषयहरू,

(ग) कल्याणकारी योजना निर्माण, कार्यान्वयन तथा प्रगति विवरण सम्बन्धी विषयहरू,

(घ) कल्याण कोषको वृद्दिका लागि विविध विषयमा लगानी गर्ने विषय तथा सेवाग्राहीहरूका हितका लागि गर्नुपर्ने कार्यहरू आदि,

(ङ) कोषको आय व्यय तथा वार्षिक कार्यक्रम सम्बन्धी विषयहरू,

(च) नियमावलीको नियम १९३ बमोजिम गठित नीति निर्माण समितिको बैठकबाट निर्णय भई सदस्य-सचिव मार्फत लिखित वा मौखिक सूचना दिइ समितिको बैठकमा प्रस्ताव गरिएका विषयहरू,

(छ) अध्यक्ष तथा सदस्य सचिव मार्फत पेश गरेका प्रस्ताव तथा अन्य विषयवस्तुहरू।

**६. निर्णय विधि** : (१) बैठकमा प्रस्तुत हुने प्रस्तावको छनोट अध्यक्षबाट तोकिए बमोजिम हुनेछ।

(२) बैठकमा प्रस्तुत गरिएका प्रस्तावहरूमा खुल्ला छलफल पश्चात सकभर सर्व-सम्मतिमा र सो हुन नसकेको अवस्थामा उपस्थित संख्याको बहुमतबाट निर्णय गरिनेछ।

(३) निर्णय प्रक्रियामा फरक विचार राख्ने पदाधिकारी वा सदस्यले लिखित वा मौखिक तवरले आफ्नो फरक मत जाहेर गर्न पाउने छन्।

(४) आमन्त्रित सदस्यको मत निर्णय प्रक्रियामा समावेश गराइने छैन।

(५) समितिबाट गरिने निर्णयहरू प्रहरी नियमावलीको नियम १९४ ले दिएको अधिकार क्षेत्रभित्र रही गरिनेछ।

(६) कल्याण कोषको कार्य सम्पादन एवं उद्देश्य परिपुर्ति गर्न समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

## परिच्छेद-३

## कोषका कल्याणकारी कार्यक्रम सञ्चालन तथा अनुगमन

७. **कल्याणकारी कार्यक्रमको सञ्चालन तथा अनुगमन :** (१) प्रहरी कल्याण कोषबाट सञ्चालन हुने कार्यक्रमहरू नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखाबाट सञ्चालन गरिनेछ।

(२) कल्याण महाशाखामा प्रहरी वरिष्ठ उपरीक्षक महाशाखा प्रमुख रहनेछन, महाशाखा अन्तर्गत प्रशासन शाखा, COE (Contingent Owned Equipment Section) शाखा, लेखा शाखा, किस्तावन्दी शाखा, बिशेष कल्याणकारी शाखा र अनुगमन तथा समन्वय डेस्क (स्कुल, पेट्रोल पम्प, क्लब, प्रहरी अस्पताल, सपिङ कम्प्लेक्स,अतिथि गृह आदि) र प्रहरी कल्याण कोष मातहतमा अन्य कोष रहनेछन्।

(३) सञ्चालित कार्यक्रमको नियमित अनुगमन कल्याण महाशाखाबाट हुनेछ।

(४) आवश्यकता अनुसार अनुगमनको लागि सञ्चालक समितिले विशेष अनुगमन टोली समेत परिचालन गर्न सक्नेछ।

(५) कल्याण कोषको नियमित कार्यक्रमहरू सञ्चालनको लागि कल्याण महाशाखा प्रमुख, समन्वय डेस्क/शाखाहरू र प्रहरी कल्याण कोष मातहतका अन्य कोषको जिम्मेवारी तपशिल बमोजिम हुनेछन्।

**(क) कल्याण महाशाखा प्रमुख** : (१) सञ्चालक समितिबाट स्वीकृत भएका कल्याण कोषको सम्पूर्ण कार्यक्रमहरू कार्यविधि अनुसार सञ्चालन गर्ने।

(२) आर्थिक अनुशासनलाई कडाईका साथ पालना गर्ने/गराउने।

(३) कल्याण कोषबाट अधिकाधिक प्रहरी कर्मचारीहरू लाभान्वित हुने वातावरण बनाउने।

(४) कल्याण कोष अन्तर्गत सञ्चालित सबै कार्यालय, निकाय र तिनका क्रियाकलापको निरन्तर निरीक्षण/ अनुगमन गर्ने।

(५) कल्याण कोषका गतिविधि सम्बन्धमा नियमित रूपमा सञ्चालक समितिको अध्यक्ष समक्ष प्रतिवेदन गर्ने तथा आवश्यकता अनुसार सदस्यहरूलाई समेत जानकारी गराउने।

(६) प्रहरी कल्याण योजना सम्वन्धी महत्वपूर्ण विषयहरूलाई प्रस्तावको रूपमा प्रवेश गराउने।

(७) सेवाग्राहीको हित र कल्याण कोषको बृहत्तर विकासको लागि आवश्यक कार्यहरू गर्ने।

(८) कल्याण कोषको व्यवस्थापन सम्बन्धी अन्य कार्यहरू गर्ने।

**(ख) अनुगमन तथा समन्वय डेस्क :** (१) प्रहरी कल्याण कोषद्वारा सेवाको उद्देश्य सहित सञ्चालन भएका कार्यक्रमहरू तथा कोषको लगानीमा सञ्चालित सेवामूलक र आयमूलक संस्थाहरूसँग समन्वय, त्यस्ता निकायहरूको नियमित अनुगमन र भए गरेका कार्यहरूको प्रगति विवरणको अध्ययन गर्नुपर्नेछ।

(२) सुधारको लागि पृष्ठपोषण दिने एवं सबै गतिविधि सम्बन्धमा महाशाखा प्रमुख मार्फत सञ्चालक समितिलाई जानकारी गराउने लगायतका कार्यहरू गर्न कल्याण महाशाखामा रहने अनुगमन तथा समन्वय डेस्कबाट देहाय बमोजिमको कार्य हुनेछन्।

(क) स्कुल, पेट्रोल पम्प, क्लव, प्रहरी अस्पताल, सपिङ कम्प्लेक्स, अतिथि गृह आदिसँग समन्वय गर्ने ,

(ख) कल्याण कोषबाट प्रदान हुने छात्रवृत्ति छनोटको लागि नामावली संकलन गरी स्वीकृतिको लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने, स्वीकृति पश्चात सम्बन्धितलाई जानकारी गराउने ,

(ग) कोषबाट सञ्चालित आयमूलक संस्थाहरूमा कल्याण कोषबाट दिइएका अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन गर्ने ,

(घ) कल्याण कोषबाट सञ्चालित संस्थाहरूसँग आवश्यक समन्वय गर्ने ,

(ङ) कल्याण कोषबाट सञ्चालित संस्थाहरूबाट प्रवाह भएको सेवा/ गतिविधिहरूको अनुगमन गर्ने ,

(च) आयमूलक संस्थाहरूबाट प्रवाह भएका सेवा/तिनका गतिविधि सम्बन्धमा पृष्ठपोषण लिई महाशाखा प्रमुख समक्ष प्रतिवेदन गरी सुधारको लागि आवश्यक निर्देशनहरू दिने,

(छ) कल्याण कोषको वार्षिक कार्यक्रम अनुसार अन्य निकायहरूसँग समन्वय गरी सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू सन्बन्धित निकायसँग समन्वय गरी सम्पादन गर्ने र सो को प्रतिवेदन समेत तयार गर्ने ,

(ज) अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्ने तथा कल्याण कोषका कार्यहरू सफलतापूर्वक सम्पादन गराउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरी सहयोग जुटाउने ,

(झ) कल्याण महाशाखाबाट सञ्चालित सेवाहरूको गुणस्तर तथा कार्यरत कर्मचारीहरूको आचरण व्यवहारको नियमित रूपमा अनुगमन गर्ने ।

**(ग) प्रशासन शाखा :** (१) सामान्य प्रशासन र कर्मचारी प्रशासनका नियमित कार्यहरू गर्ने ।

(२) प्रहरी कल्याण कोष सञ्चालक समितिको बैठक व्यवस्थापनका लागि आवश्यक कार्यहरू गर्ने ।

(३) कल्याण कोषका कार्यक्रमहरू, सेवा लिने प्रक्रिया तथा गतिविधि सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी गराउने ।

(४) प्रहरी कल्याण कोषको प्रतिवेदनहरू तयार गर्ने ।

(५) सेवाग्राहीको गुनासो व्यवस्थापनका लागि सम्बन्धित कार्यालयहरूसँग आवश्यक समन्वय गर्ने ।

(६) कल्याण कोषका गतिविधि सम्बन्धमा आवश्यकतानुसार परिपत्र गर्ने ।

(७) प्रहरी कर्मचारीलाई नियमानुसार आवास उपलब्ध गराइ नियमित रेखदेख गर्ने ।

(८) अन्य शाखाहरूबाट हुने भनी किटान नभएका प्रशासनिक कार्यहरू गर्ने ।

**(घ) COE शाखा :** (१) संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ विभिन्न मिसनहरूमा कार्यरत FPU सँग निरन्तर समन्वय गर्ने र मिसनमा रहेका Contingent Owned Equipment (COE) को अवस्था जानकारी लिने, ORI Inspection Report अनुसार प्राप्त हुनुपर्ने Reimbursement सम्बन्धमा लेखा शाखालाई जानकारी गराइ सो सम्बन्धमा महाशाखा प्रमुखलाई जानकारी गराउने ।

(२) मिसनमा पठाइएका COE तथा अन्य खर्च भएर जाने/ नजाने सामानहरूको अध्यावधिक अभिलेख राख्ने ।

(३) FPU मिशन सञ्चालनको लागि आवश्यक (गैर सामरिक) बन्दोवस्तीका सामानहरू आर्थिक ऐन/ नियम अनुसार खरिद गर्ने ।

(४) FPU मिशन सञ्चालनको लागि आवश्यक Major Equipment, Self Sustainment का सामानहरू सञ्चालक समितिको स्वीकृति लिई नेपाल प्रहरी प्रधान कार्यालय प्रवन्ध निर्देशनालयसँग समन्वय गरी खरिद गर्ने व्यवस्था मिलाउने ।

(५) FPU मिशन सञ्चालनको लागि खरिद भएका बन्दोवस्तीका सामानहरू सम्बन्धित मिसनमा पठाउने व्यवस्था मिलाउने ।

(६) मिसनमा जाने FPU/UNPOL Member हरूलाई कल्याण कोषबाट उपलब्ध गराइने सामानहरू खरिद तथा वितरण गर्ने ।

(७) कल्याण कोषलाई आवश्यक सम्पूर्ण खरिद तथा निर्माण सम्बन्धी कार्य गर्ने ।

(८) कल्याण महाशाखा, अन्तर्गतका शाखा तथा कल्याण कोषबाट सञ्चालित सेवामूलक संस्थाहरूलाई उपलब्ध गराउनु पर्ने मेशिनरी, फर्निचर तथा कल्याण महाशाखाबाट सेवाग्राहीहरूलाई अनुदानमा उपलब्ध गराइने साधन एवं सामाग्रीहरू खरिद लगायतका सम्पूर्ण कार्य गर्ने ।

(९) कल्याण कोषका पसल तथा सपिङ कम्प्लेक्सहरू भाडामा लगाउने तथा सो को व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने, अतिथि गृह, आवास गृहहरूको मर्मत सम्भार लगायतका व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने ।

(१०) सम्बन्धित FPU मिसनहरूबाट थप पेश्की रकम माग भएको अवस्थामा औचित्य हेरी आवश्यक सुझाव सहित लेखा शाखामा पठाउने र पेश्की रकमको फछर्यौटको लागि विल भरपाईहरू र औचित्य अनुसारको खर्च भए नभएको एकिन गरी लेखा शाखामा पठाउने ।

(ङ) **किस्तावन्दी शाखा :** (१) किस्तावन्दीमा सामान खरिदको लागि कार्यविधि बमोजिमको कर्जा स्वीकृत गर्ने/ गराउने ।

(२) किस्तावन्दी सामान बिक्री गर्न इच्छुक कम्पनी/फर्म/विक्रेतालाई सूचिकृत गरी कर्जा लिन इच्छुक प्रहरी कर्मचारी कार्यरत रहेको प्रदेश राजधानी वा नजिकको प्रमुख शहरमा रहेको सम्बन्धित बिक्रेता/फर्म/ कम्पनीको डिलर/ सोरूममार्फत सामान उपलब्ध गराउने । सूचीकृत नभएका फर्म/ कम्पनी/ विक्रेतालाई कुनै पनि समयमा सूचिकृत गराउन बाधा पर्ने छैन ।

(३) किस्तावन्दीमा प्रहरी कर्मचारीले बजारबाट सामान खरिद गर्न चाहेमा तोकिएका सामान उपलब्ध गराउन सहजीकरण गर्ने तथा कर्मचारीलाई गुणस्तरीय सामान उपलब्ध गराउन समन्वय गर्ने ।

(४) सामान खरिदको लागि आपूर्तिकर्ताको नाममा सामान निकासा अनुरोध पुर्जी जारी गर्ने तथा लेखा सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

(५) सम्बन्धित सबै कार्यालयहरूलाई कर्जा स्वीकृतिको बारेमा पत्राचार गर्ने ।

(६) किस्तावन्दी कर्जा कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल उपर भई आएको साँवा र ब्याजको अभिलेख अद्यावधिक राख्ने ।

(७) किस्तावन्दीमा सामान निकासा पश्चात मासिक किस्ता नियमित रूपमा जम्मा भए नभएको जाँच गर्ने तथा आवश्यकता अनुसार पत्राचार गर्ने ।

(८) किस्तावन्दी कर्जा प्रवाह भई खरिद भएका सवारी साधनहरूको प्रत्येक वर्ष वीमा नविकरण कागजात पेश गरे/नगरेको रूजु गर्ने ।

(९) किस्तावन्दीका रूपमा कर्जा लिने प्रहरी कर्मचारी अवकास भएमा वा कर्जा चुक्ता नहुँदै नोकरी छाडेमा कल्याण कोषबाट फर-फारक दिनु पूर्व निजबाट बाँकी साँवा, व्याज एकमुष्ट असुल उपर गराउने ।

(१०) सेवाबाट अलग हुँदा निवृत्तिभरण प्राप्त गर्ने प्रहरी कर्मचारीको चारपाङ्ग्रे सवारी साधनको कर्जा रकम चुक्ता हुन बाँकी रहेको अवस्थामा कर्मचारीले कर्जा नियमित गर्न चाहेमा पुरक सम्झौता गर्ने तथा अन्य कर्मचारीको कर्जा फरफारक गर्ने ।

(११) किस्तावन्दी कर्जा लिने प्रहरी कर्मचारीको मृत्यु भएमा निजको हकवालाले पाउने अन्य सुविधाको लागि कल्याण कोषबाट फरफारक दिनु पूर्व हकवालाबाट वाँकी कर्जा (साँवा र व्याज) फिर्ता गराउने ।

(१२) किस्तावन्दी सहुलियत कर्जा लगानी तथा कारोवारको श्रेष्ता लेखापरीक्षण गराउने ।

(१३) कर्जा चुक्ता गर्ने ऋणीहरूको सवारी साधन नामसारी गराइ Loan Clearance पत्र दिने ।

(१४) किस्तावन्दी सहुलियत कर्जाको उठ्न बाँकी रहेका पुराना बक्यौताहरू असुल उपर गर्ने ।

(१५) शाखाको गतिविधि नियमित रूपमा महाशाखा प्रमुख समक्ष प्रतिवेदन गर्ने ।

**(च) <u>बिशेष कल्याणकारी शाखा</u>** : (१) बिशेष कल्याणकारी कोषमा बहालवाला प्रहरी कर्मचारीहरूको तलबबाट मासिक रूपमा कट्टा गरेको रकम तथा सहुलियत कर्जाबाट मासिक किस्ता प्राप्त भए/नभएको जाँच गर्ने ।

(२) सेवानिवृत्त (अनिवार्य अवकाश, राजिनामा, नोकरीबाट हटाइएको लगायत) प्रहरी कर्मचारीको नाममा जम्मा भएको योगदान रकम नियमानुसार सेवाबाट अलग भएको मितिले २ (दुई) आर्थिक वर्षसम्म तोकिएको व्याज सहित फिर्ता दिने । कोषमा जम्मा भएको रकमको वारेमा जानकारी गराउदा समेत लिन नआएमा तत्पश्चात जम्मा भई आएको एकमुष्ट रकम सम्वन्धितलाई फिर्ता हुने गरी बिशेष कल्याणकारी कोषमा जम्मा गर्ने ।

(३) प्रहरी कर्मचारी तथा कर्मचारीको श्रीमान/श्रीमतीलाई गम्भीर प्रकृतिको रोग लागेमा उपचारको लागि तोकिए बमोजिम औषधोपचार अनुदान रकम उपलब्ध गराउने ।

(४) प्रहरी कर्मचारीको मृत्यु भएमा मृत्यु राहत अनुदान रकम उपलब्ध गराउने ।

(५) कल्याण कोषको योजना अनुसार कार्यविधिको अधिनमा रही सहुलियत कर्जा सुविधा उपलब्ध गराउने ।

(६) सम्बन्धित सबै कार्यालयहरूलाई कर्जा स्वीकृतिको बारेमा जानकारी दिने ।

(७) कर्जा चुक्ता गरेका ऋणीलाई आवश्यकता अनुसार Loan Clearance दिने ।

(८) नियमित रूपमा किस्ता जम्मा भए/नभएको जाँच गर्ने तथा आवश्यकता अनुसार पत्राचार गर्ने ।

(९) बिशेष कल्याणकारी कोषमा जम्मा भएको योगदान रकम, लगानी रकम, व्याज रकम लगायतका सम्पूर्ण कारोवारहरूको अध्यावधिक अभिलेख राख्ने ।

(१०) कर्जाको रूपमा लगानी भएको रकमको साँवा ब्याज तोकिए बमोजिम असुल उपर गर्ने ।

(११) ऋणीहरूको सम्पूर्ण अभिलेख तथा जमानतको कागजपत्र सुरक्षित र व्यवस्थित राख्ने तथा राख्न लगाई अनुगमन गर्ने ।

(१२) बिशेष कल्याणकारी कोषको कारोवारको लेखा परीक्षण गराउने ।

(१३) शाखाको गतिविधि नियमित रूपमा महाशाखा प्रमुख समक्ष प्रतिवेदन गर्ने ।

**(छ) <u>लेखा शाखा</u>** : (१) कल्याण कोषको आय-व्ययको अभिलेख राख्ने र लेखा सम्बन्धी प्रतिवेदनहरू तयार गर्ने ।

(२) कल्याण कोषबाट नियमानुसार भुक्तानी गर्नुपर्ने रकम (स्वीकृत कर्जा, सामान उपलब्ध गराए वापत आपूर्तिकर्तालाई दिनुपर्ने भुक्तानी, मिसनबाट फिर्ता हुने कर्मचारीहरूको भत्ता, मिसनमा जाने कर्मचारीलाई दिइने पेश्की आदि) यथासक्य छिटो बैंक मार्फत भुक्तानी दिने ।

(३) कल्याण कोषको लगानी/योगदान रहेको सेवामूलक/आयमूलक संस्थाहरूको आर्थिक कारोवारहरूको अनुगमन गर्ने, लेखापरीक्षण गराउने व्यवस्था मिलाइ प्रतिवेदनहरू माग गर्ने, अध्ययन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

(४) सम्पूर्ण बैंकिङ कारोबार तथा बैंकमा जम्मा भएको रकमको अभिलेख राख्ने तथा आवश्यकता अनुसार महाशाखा प्रमुख समक्ष जानकारी गराउने ।

(५) कोषमा मौज्दात रकम “क” श्रेणीको वाणिज्य बैंकहरूमा दफा १२ बमोजिम मुद्धती निक्षेपमा लगानी गर्ने र प्रहरी कर्मचारीहरूको हितमा कर्जा लगानी लगायतका कल्याणकारी कार्यहरू गर्ने व्यवस्था मिलाउने।

(६) विभिन्न स्रोतहरू मार्फत कोषलाई प्राप्त हुने रकम बैंक मार्फत भुक्तानी लिने।

(७) कल्याण कोषको योजना अनुसारका शैक्षिकवृत्ति, छात्रवृत्ति, कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता लगायतका सुविधाहरू सरल रूपमा उपलब्ध गराउन अधिकार पत्र जारी गर्ने, सेवा प्रवाहको लागि सम्बन्धित कार्यालयहरूलाई परिपत्र गर्ने।

(८) कल्याण कोष अन्तर्गतका सम्पूर्ण वेरूजु फछर्यौट गराउने तर्फ आवश्यक कार्य गर्ने।

(९) प्रबन्ध शाखाबाट भएका खरिद कार्यहरूको नियमानुसार भुक्तानी गर्ने।

(१०) शाखाको गतिविधि नियमित रूपमा महाशाखा प्रमुख समक्ष प्रतिवेदन गर्ने।

(११) कल्याण कोषका सम्पत्तिहरूको अभिलेख राख्ने तथा निरीक्षणको व्यवस्था मिलाउने।

(१२) लेखा सम्बन्धी आवश्यक अन्य कार्यहरू गर्ने।

## परिच्छेद-४
## कोषको स्रोत तथा कोषबाट सञ्चालन गरिने कल्याणकारी कार्यक्रमहरू

**८. प्रहरी कल्याण कोषका स्रोतहरू** : कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्नको लागि प्रहरी कल्याण कोषमा देहाय बमोजिमका स्रोतहरू रहनेछन् :-

(१) प्रहरी कर्मचारीहरूले यू.एन. मिशनमा प्राप्त गरेको भत्ता वा पारिश्रमिकबाट प्राप्त हुने योगदान रकम ,

(क) IPOs ले मिसनमा कार्यरत रहँदाको अवधिमा पाउने Mission Subsistence Allowance (MSA) बाट UN Accommodation मा बसेको भए सो वापतको रकम र मासिक USD 600 (छ सय) कट्टा गरी वाँकी हुन आउने रकमको मिशनको पटक (पहिलो, दोस्रो र तेस्रो) अनुसार क्रमश: १०% , ११% , र १२ % तथा सो भन्दा बढी जतिपटक मिसनमा सहभागी भए पनि १३ % रकम मिशनवाट फर्केको १५ दिनभित्र प्रहरी कल्याण कोषमा जम्मा गर्नुपर्नेछ,

(ख) UN Mission वा INTERPOL जस्ता अन्य कुनै अन्तर्राष्ट्रिय संस्था वा मिशनमा Professional and Higher Level Post मा कार्यरत प्रहरी कर्मचारीले सो अवधिमा पाउने Net Salary मा मासिक USD 2000 घटाई वाँकी हुन आउने रकमको १३ % रकम मिशनवाट फर्केको १५ दिनभित्र प्रहरी कल्याण कोषमा जम्मा गर्नुपर्नेछ।

(२) FPU मिशनमा सहभागी हुने प्रहरी कर्मचारीहरूले पाउने भत्ता रकममा १०% ले हुन आउने रकम ,

(३) विशेष आर्थिक कल्याणकारी कार्यक्रमको लागि प्रत्येक कर्मचारीहरूबाट प्रत्येक महिना रू.१,०००।- को दरले कट्टी गरी जम्मा हुने रकम ,

(४) FPUमिसनहरूमा बन्दोबस्तीका सामानहरूमा लगानी गरेवापत यू.एन.बाट प्राप्त हुने शोधभर्ना (Reimbursement) रकम ,

(५) किस्तावन्दी कर्जा कार्यक्रमबाट आर्जन हुने ब्याज वापतको रकम,

(६) कोषबाट सञ्चालित आवास गृह, अतिथि गृह, नेपाल पुलिस हेल्थ क्लब, नेपाल पुलिस क्लव, [२]नेपाल पुलिस स्कुल आदीबाट प्राप्त आम्दानी ,

(७) प्रहरी कल्याण कोषबाट सञ्चालित सपिङ कम्प्लेक्स, माछापोखरी तथा कल्याण कोष अन्तर्गतका इकाइको नाममा रहेको जग्गा भाडा वापतको रकम ,

(८) कोषबाट सञ्चालित पेट्रोल पम्प, विद्युतीय सवारी चार्जिङ स्टेशन आदिबाट प्राप्त आम्दानी ,

(९) प्रहरी सेवाका कर्मचारीको भत्ता वा पारिश्रमिकबाट तोकिए बमोजिम कट्टा गरिएको रकम,

(१०) नेपाल सरकार वा मान्यता प्राप्त संगठित संस्था वा व्यक्तिबाट प्राप्त चल,अचल सम्पत्ति,

(११) नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार वा संघ संस्थाबाट अनुदान स्वरूप प्राप्त रकम तथा अन्य सहयोग,

(१२) प्रहरी वैण्ड बाजा सुविधा उपलव्ध गराए वापत प्राप्त रकम,

(१३) कल्याण कोष तथा मातहतमा मौज्दात रकम "क" श्रेणीको वाणिज्य बैंकहरूमा मुद्धती निक्षेपमा लगानीबाट प्राप्त रकम ।

(१४) तोकिए बमोजिम कल्याण कोषको चल, अचल सम्पत्ति लगानी र प्रयोगबाट आर्जित रकम,

(१५) फिल्म सुटिङको लागि उपलव्ध गराइने अनुसूची-१ बमोजिमका सुविधाहरू वापत प्राप्त रकम ।

(१६) अन्य प्रचलित कानुनी स्रोतबाट कोषलाई प्राप्त हुने अन्य आम्दानी तथा कोषको सञ्चालक समितिको निर्णयानुसार थप हुने आम्दानी ।

९. **प्रहरी कल्याण कोषबाट सञ्चालन गरिने कल्याणकारी कार्यक्रमहरू** : कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्नको लागि प्रहरी कल्याण कोषबाट तपशिल बमोजिमका शिर्षकहरूमा खर्च गर्न सकिनेछ :-

(१) शैक्षिकवृत्ति, छात्रवृति तथा पुरस्कार ,

(२) प्रहरी स्कूल तथा अस्पतालहरूको पूर्वाधार विकासमा सहयोग ,

(३) कल्याण कोष सञ्चालन तथा व्यवस्थापन र पर्व उत्सव समारोहको प्रबन्ध आदिमा हुने खर्च ,

(४) बहालवालाका परिवार, अवकाश प्राप्त प्रहरीहरू तथा अमर/सहिद प्रहरी परिवार र तिनका आश्रित परिवारहरूको उपचारका लागि नेपाल प्रहरी अस्पताललाई औषधी उपचार अनुदान,

(५) किरीयाकर्म खर्च अनुदान तथा आर्थिक सहयोगहरू,

(६) FPU तथा UNPOL सञ्चालनमा बन्दोबस्तीका सामानहरू खरिद तथा खटिने प्रहरी कर्मचारीहरूलाई उपलव्ध गराइने भत्ता लगायतका खर्च ,

(७) FPU तथा UNPOL को रूपमा खटिने प्रहरी कर्मचारीहरूको छनोट परीक्षा सञ्चालन खर्च ,

(८) प्रहरी संगठनमा खेलकुदको विकास गर्न खेलाडी तथा खेलकुद सामाग्रीमा गरिने खर्च ,

(९) कोषबाट सञ्चालित आवास गृह, अतिथि गृह तथा हेल्थ क्लबमा हुने खर्च ,

(१०) प्रचलित कानुन बमोजिम दर्ता भइ कोषबाट सञ्चालित पेट्रोल पम्प तथा सपिङ कम्प्लेक्स, वैण्ड बाजाहरूमा गरिने खर्च,

२ पहिलो संशोधनद्वारा संशोधित ।

(११) आवश्यकता अनुसार सञ्चालक समितिबाट निर्णय भई प्रदान हुने अनुदान सहयोग र सञ्चालन हुने विभिन्न कार्यमा हुने खर्च ,

(१२) [३]नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा सोही प्रकृतिका मान्यता प्राप्त निकायबाट सम्बन्धन/स्वीकृति प्राप्त गरी कोषद्वारा व्यावसायीक तथा सिपमूलक कल्याणकारी कार्यक्रम (डकर्मी, सिकर्मी, प्लम्विङ, इलेक्ट्रिसियन, सौन्दर्यकला आदि तालिम) सञ्चालनमा हुने खर्च ।

## परिच्छेद-५

## प्रहरी कल्याण कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**१०.प्रहरी कल्याण कोषको स्थापना र सञ्चालन :** प्रहरी कल्याण कोषका कार्यक्रमहरू सरल रूपमा सम्पादन गर्नका लागि मूलधन नमासिने गरी प्राप्त व्याज रकमबाट कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्न देहाय बमोजिम हुनेछ :-

(१) प्रहरी कल्याण कोषमा छात्रवृत्ति अक्षय कोष, नेपाल प्रहरी खेलकुद व्यबस्थापन अक्षय कोष, अस्पताल कल्याणकारी अक्षय कोष, उपत्यका/प्रदेश अमर/सहिद, अशक्त अक्षय कोष र आवश्यकता अनुसार सोही प्रकृतिका अन्य अक्षय कोष स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।

(२) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज, उपत्यका प्रहरी कार्यालय, उपत्यका ट्राफिक प्रहरी कार्यालय, सबै प्रदेश प्रहरी कार्यालय, तालिम प्रदायक प्रहरी कार्यालय र नेपाल प्रहरी अस्पताल तथा प्रदेश प्रहरी अस्पतालहरूमा कल्याण कोषका खाताहरू रहनेछन् । उक्त कोषको खाता अनुगमन, नियन्त्रण तथा निर्देशन कल्याण महाशाखाले गर्नेछ ।

(३) कल्याण महाशाखाबाट तोकिएका सेवाहरू प्रदान गर्ने गरी सम्वन्धित कार्यालयहरूमा स्थापना भएका कल्याण कोषको खाताहरूबाट प्राप्त हुने व्याज रकमबाट कल्याणकारी कार्यक्रम तयार गरी स्वीकृतिको लागि कल्याण महाशाखामा पठाउनु पर्नेछ ।

(४) प्रहरी कल्याण कोष मातहत रहेका कोषका खातारूबाट सञ्चालन भएका कार्यक्रमहरूको प्रगति विवरण सहितको वार्षिक प्रतिवेदन कल्याण महाशाखामा पठाउनु पर्नेछ ।

(५) बहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारी, तिनका परिवार र अमर/सहिद प्रहरीका परिवारको लागि आपतकालीन राहत, किरियाकर्म खर्च, छात्रवृत्ति, ज्येष्ठ प्रहरी भत्ता तथा कल्याण कोषबाट तोकिएका अन्य खर्चहरू सरल रूपमा तत्काल उपलब्ध गराउन ७७ वटै जिल्ला प्रहरी कार्यालयहरूमा समितिले निर्णय गरे बमोजिम प्रहरी कल्याण कोषको रकम राखिनेछ । प्रहरी कल्याण कोषका खाताहरू सञ्चालनमा रहेनछन् ।

**११.खाता सञ्चालन तथा व्यवस्थापन :** (१) प्रहरी कल्याण कोषको खाता सञ्चालन नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग प्रमुख, कल्याण महाशाखा प्रमुख (कोषको सदस्य-सचिव) र कल्याण महाशाखाका लेखा प्रमुख समेत तीन जना मध्ये कुनै दुईको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(२) कोष तथा कोषको लगानी रहेको अन्य निकायहरूको खाता नेपाल राष्ट्र बैंकले ‘‘क’’ श्रेणीको इजाजत प्रदान गरेको जुनसुकै वाणिज्य बैंकमा (Commercial Bank) खोल्न सकिनेछ ।

---

३ पहिलो संशोधनद्वारा थप ।

(३) कोषको  सम्पूर्ण आर्थिक कारोवार बैंक मार्फतमात्र गरिनेछ।

(४) प्रहरी कल्याण कोष मातहतका कल्याण कोष/ अक्षय कोषका खाता सम्बन्धित कार्यालयका कार्यालय प्रमुख र लेखा शाखा प्रमुखबाट सञ्चालन हुनेछ।

**१२. मुद्धती निक्षेपमा लगानी** : (१) कोषले नेपाल राष्ट्र बैंकले "क" श्रेणीको इजाजत प्रदान गरेको बैंकमा मुद्धती निक्षेपमा लगानी गर्न सक्नेछ।

(२) कोषका विभिन्न योजना तथा कार्यक्रमहरूबाट प्राप्त भएका रकम, कर्जा तथा लगानीबाट प्राप्त आम्दानी, कर्जा चुक्ता रकम, लगानीको म्याद समाप्ती पश्चात प्राप्त रकम लगायत आम्दानीहरूबाट कोषलाई नियमित रूपमा विभिन्न योजना तथा कार्यक्रमहरूबाट हुने भुक्तानीका लागि आवश्यक पर्ने रकम, मुद्धती निक्षेप बाहेक अन्य शिर्षकमा गरिने लगानीका लागि आवश्यक रकम तथा कोषको स्वीकृत बजेट अनुसार आवश्यक पुँजीगत तथा चालु खर्च रकम छुट्याई आउने बाँकी रकमलाई लगानी योग्य रकमको रूपमा निर्धारण गरिनेछ।

(३) कोषले मुद्धती निक्षेपमा लगानी गर्दा नेपाल राष्ट्र बैंकबाट इजाजत पत्रप्राप्त "क" श्रेणीको बैंकहरूमध्ये देहाय बमोजिमका न्यूनतम मापदण्डहरू पुरा भएका बैंक निक्षेपका लागि योग्य मानिनेछन्।

(क) नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको इजाजतपत्र प्राप्त बैंकहरू।

(ख)"क" श्रेणीको बैंकहरूको वित्तीय सूचाङ्क नेपाल राष्ट्र बैंकद्वारा तोकिएको मापदण्डभित्र रही उपदफा ४ को खण्ड (क) बमोजिम लगानीको आधारहरूबाट छनोट भएको।

(ग) नेपाल राष्ट्र बैंकले कारोबारमा बन्देज नलगाएको, शिघ्र सुधारात्मक कारवाहीवाट फुकुवा भएको अवधि एक वर्ष पुरा भएको, समस्याग्रस्त कारवाहीको स्थितिबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा भएको र कोषको जोखिम विश्लेषणमा लगानीको लागि उपयुक्त देखिएको।

(घ) विगतमा कोषले मुद्धती निक्षेपमा लगानी गर्दा कोषलाई आवश्यक परेको समयमा वा म्याद समाप्त भए पश्चात निक्षेप रकम भुक्तान गर्ने, पाकेको व्याज रकम तथा भुक्तानी अवधि नाघेको निक्षेप रकम सोही दिन कोषको खातामा प्रविष्ट गर्ने र कोषसँगको अन्य कारोबार समयमा नै फरफारक गरेको, बिलम्ब ब्याज तथा कोषले निर्धारण गरेको अन्य शर्त पुरा गरेको ।

(ङ) सञ्चित नोक्सानी नरहेको बैंकहरू।

(४) लगानी सम्बन्धी निर्णयका आधारहरू र श्रेणी निर्धारण देहाय बमोजिम हुनेछन्।

(क) निक्षेप लगानी गर्दा बैंक तथा वित्तिय संस्थाहरूको वित्तिय सूचाङ्कलाई अनुसूची-२ बमोजिमको अंकभार दिइ भारित औषतबाट अंकगणितिय आधारमा गर्नुपर्नेछ।

(ख) लगानीको निर्णय गर्दा लागु हुने एकल पक्ष सीमा देहाय अनुसारको मापदण्ड पुरा गरी अनुसूची -३ बमोजिम हुनेछ।

(१) "क" श्रेणी को बैंकहरूमध्ये एउटा संस्थाको हकमा कोषको कुल मुद्धती निक्षेप लगानीको १५ प्रतिशत सम्म मुद्धती निक्षेप  राख्न पाउनेछ।

(२) निक्षेप लगानी गर्दा उपखण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्ताव पेश गर्ने "क" श्रेणीको बैंकको कुल निक्षेपको ०.२५ प्रतिशत भन्दा बढी हुने गरी मुद्धती निक्षेप राख्न पाउने छैन।

(३) श्रेणी निर्धारणमा अघि रहेको “क” श्रेणीको बैंकबाट वोलपत्र प्राप्त नभएमा त्यसपछिको श्रेणीमा रहेको “क” वर्गको बैंकलाइ लगानी गरिनेछ ।

(४) यसरी लगानी गर्न पर्याप्त वोलपत्र प्राप्त नभएमा, प्राप्त संख्याको आधारमा दामासाहीले पनि लगानीको निर्णय गर्न सकिनेछ ।

(ग) मुद्धती निक्षेपमा लगानी गर्दा देहाय अनुसारको सिमाभित्र रही अनुसूची -४ बमोजिम गरिनेछ ।

(१) मुद्धती निक्षेपमा लगानी गर्दा उपदफा ४ को खण्ड (क) बमोजिमको श्रेणी निर्धारण र उपदफा ४ को खण्ड (ख) अनुसारको लगानीको निर्णय गर्दा लागु हुने एकल पक्ष सीमा भित्र रही गरिनेछ ।

(२) उपदफा ४ को खण्ड “क” र खण्ड “ख” मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि बोलपत्र प्राप्त भएका सरकारी स्वामित्व रहेको बैंक तथा वित्तीय संस्थाहरूमा दश-दश प्रतिशत छुट्याएर मात्र बाँकी रकमलाई श्रेणीको आधारमा लगानी गरिनेछ ।

(५) उपदफा ४ बमोजिम लगानीको रकम निर्धारण भए पश्चात लगानीको दायरामा रहेका “क” श्रेणीको बैंकबाट निक्षेपको लागि बोलपत्र आव्हान गरिनेछ । बोलपत्र आव्हान माग गर्दा नेपाल प्रहरीको आधिकारिक Website मा प्रकाशित गरी कल्याण कोषको आधिकारिक ईमेल मार्फत कम्तिमा ७ (सात) कार्यदिनको म्याद राखी सम्पुर्ण बैंकहरूलाई अनुसूची-५ बमोजिमको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिनेछ । साथै इच्छुक “क” श्रेणीका बैंकले अनुसूची -६ बमोजिमको ढाँचामा कोटेशन प्रस्ताव पेश गर्नुपर्नेछ ।

(६) लगानीको लागि प्राप्त नयाँ बोलपत्र/प्रस्ताव बेग्लै दर्ता पुस्तिकामा अभिलेख गरिनेछ । कुनैपनि बैंकले तोकिएको मिति तथा समयावधिभित्र पेश गरेको बोलपत्र प्रस्ताव मात्र निर्णय प्रक्रियामा समावेश गरिनेछ । तोकिएको मिति तथा समयभित्र कुनै एक बैंकको एकभन्दा बढी बोलपत्र प्रस्ताव प्राप्त भएमा उक्त बैंकबाट प्राप्त सबै बोलपत्र प्रस्तावहरू स्वतः रद्ध भई निर्णय प्रक्रियामा समावेश गरिने छैन । निर्णय प्रक्रियामा समावेश भएका शिलबन्दी बोलपत्र प्रस्ताव अनुसूची-७ बमोजिमको ढाँचामा अभिलेख राखिनेछ ।

(७) कोषले मुद्धती निक्षेपमा गरेको लगानी रकम कोषलाई अग्रिम रूपमा आवश्यक भएमा अग्रिम म्याद समाप्ती (Premature) गर्न सक्नेछ ।

(८) मुद्धती निक्षेपको म्याद समाप्त हुने मिति लगतै लामो सार्वजनिक बिदा (दशै, तिहार आदि) परेमा सो भन्दा अगावै प्रक्रिया पुरा गरी मुद्धती निक्षेप लगानी गर्न सकिनेछ ।

१३. **कारोवारको लेखा** : प्रहरी कल्याण कोषको आय व्यय कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम तोकिएको आधारमा राखिनेछ ।

१४. **लेखा परीक्षण** : (१) प्रहरी कल्याण कोष तथा सो अन्तर्गतका अन्य कोषहरूको आन्तरीक लेखा परीक्षण सञ्चालक समितिले तोके बमोजिम नेपाल प्रहरी प्रधान कार्यालय, आन्तरीक लेखा परीक्षण शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

(२) कोषबाट भएका खर्चहरूको अनुगमनको लागि सञ्चालक समितिले छुट्टै टोली समेत खटाउन सक्नेछ ।

(३) प्रहरी कल्याण कोषको लगानी रहेका निकायको आन्तरिक लेखा परीक्षण नेपाल प्रहरी प्रधान कार्यालय, आन्तरिक लेखा परीक्षण शाखाबाट गराइनेछ ।

(४) प्रहरी कल्याण कोषको लगानी रहेका निकायको अन्तिम लेखा परीक्षण नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखाबाट तोकिएको लेखा परीक्षकबाट गराइनेछ ।

**१५.बेरूजुको लगत तथा फछ्यौंट**: (१) कोषको लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका नियमित तथा असुल गर्नुपर्ने बेरूजुको लगत खडा गरी राख्नु पर्नेछ ।

(२) कोषको आन्तरीक लेखा परीक्षण र महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गरी औल्याइएका बेरूजु प्रमाण पेश गरी, नियमित गरी वा असुल उपर गराई फछ्यौंट गर्ने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ ।

(३) उपदफा २ बमोजिम बेरूजु फछ्यौंट गरे नगरेको सम्वन्धमा रेखदेख गरी फछ्यौंट गर्न लगाउने दायित्व महाशाखा प्रमुखको हुनेछ ।

**१६. बार्षिक प्रतिवेदन** : (१) प्रहरी कल्याण कोषको लगानी रहेका निकायहरूले बार्षिक कार्ययोजना बमोजिम सम्पन्न गरेको कार्यक्रमहरूको प्रगती सहितको प्रतिवेदन तथा आगामी वर्षको कार्ययोजना आर्थिक वर्षको अन्त्यमा कल्याण महाशाखामा पेश गर्नुपर्नेछ र सो बमोजिम कल्याण महाशाखाले वार्षिक प्रतिवेदन तयार गरी प्रहरी कल्याण कोष सञ्चालक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उक्त प्रतिवेदन सञ्चालक समितिबाट अनुमोदन भए पश्चात कार्यान्वयन हुनेछ ।

## परिच्छेद ६

## कोषबाट सञ्चालन हुने सेवामूलक कार्यहरू

**१७. प्रहरी अस्पताल** : (१) प्रहरी कर्मचारी तथा आश्रित परिवारलाई सेवा पुऱ्याउने उद्देश्य सहित काठमाडौंमा नेपाल प्रहरी अस्पताल र प्रदेशहरूमा प्रदेश प्रहरी अस्पतालहरू रहनेछन् ।

(२) नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा बहालवाला प्रहरी कर्मचारीका परिवार, अवकाश प्राप्त प्रहरी कर्मचारी तथा आश्रित परिवार एवं अमर/सहिद, अशक्त प्रहरीका परिवारको स्वास्थ्य उपचार तथा औषधीजन्य सामाग्री उपलव्ध गराउनको लागि प्रहरी कल्याण कोषबाट अनुदान स्वरूप वार्षिक रूपमा निश्चित रकम उपलव्ध गराउन सकिनेछ ।

(३) प्रदेश प्रहरी अस्पतालमा रहेको प्रदेश प्रहरी अस्पताल कल्याणकारी अक्षय कोषको मूलधन नमासिने गरी व्याज रकमबाट बहालवाला प्रहरी कर्मचारीका परिवार, अवकाश प्राप्त प्रहरी कर्मचारी तथा आश्रित परिवार एवं अमर/सहिद, अशक्त प्रहरीका परिवारको स्वास्थ्य उपचार तथा औषधीजन्य सामाग्री उपलव्ध गराइनेछ ।

(४) नेपाल प्रहरी अस्पताल र प्रदेश प्रहरी अस्पतालले गरेको खर्च विवरण अनिवार्य रूपमा नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखामा पठाउनु पर्नेछ ।

**१८.नेपाल पुलिस स्कुल :** (१) बहालवाला तथा अवकास प्राप्त प्रहरी कर्मचारी, अशक्त प्रहरी कर्मचारी र अमर/सहिद प्रहरी तथा सर्वसाधारणका सन्तति समेतलाई सुलभ र सरल रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि नेपाल पुलिस स्कुलहरू सञ्चालन गरिएको छ । प्रहरी कर्मचारीको आवश्यकतालाई मध्यनजर गरी उपयुक्त स्थानमा थप स्कुलहरू सञ्चालन गर्न सकिनेछ ।

(२) स्कुलहरूको सञ्चालन तथा व्यवस्थापन तोकिएको विधान तथा विनियमावली बमोजिम हुनेछ ।

(३) नेपाल पुलिस स्कुलको पूर्वाधार निर्माण, सवारी साधन लगायतका विशेष प्रकृतिका उपकरण खरिदको लागि कोषबाट सुलभ व्याजदरमा कर्जा रकम उपलब्ध गराउन सकिनेछ।

(४) स्कुलको शैक्षिक अवस्थाको बारेमा स्कुलले नियमित रूपमा कल्याण महाशाखामा प्रतिवेदन गर्नुपर्नेछ।

(५) आवश्यकता अनुसार कल्याण महाशाखाले स्कुलहरूको अनुगमन गर्नेछ।

**१९.<u>प्रहरी आवास गृह</u>** : (१) प्रहरी कल्याण कोषद्वारा सञ्चालित काठमाडौं सामाखुशी स्थित नेपाल प्रहरीका सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत तथा प्र.का.स देखि प्र.व.ह. सम्मको लागि आवास सुविधा उपलब्ध गराउन प्रहरी आवास गृहहरू सञ्चालन हुनेछ।

(२) आवास गृहहरूको प्रयोग तथा सञ्चालन, रेखदेख, मर्मत सम्भार तथा व्यवस्थापन निर्देशिका बमोजिम हुनेछ।

**२०.<u>अतिथि गृह</u>** : (१) काठमाडौंको भृकुटीमण्डप र नेपालगञ्जको धम्बोझीमा बहालवाला तथा अवकाशप्राप्त प्रहरी अधिकृत तथा जवानहरू, तिनका परिवार र अमर/सहिद प्रहरी परिवारहरूका लागि न्यूनतम शुल्कमा आवास सुविधा उपलब्ध गराइनेछ। प्रहरी अस्पतालमा उपचारार्थ आउने सेवानिवृत्त ज्येष्ठ प्रहरी कर्मचारीको लागि ज्येष्ठ प्रहरी अतिथि गृह रहनेछ।

(२) अतिथि गृहहरूको प्रयोग तथा सञ्चालन, रेखदेख, मर्मत सम्भार तथा व्यवस्थापन मापदण्डलाई एकरूपता हुने गरी आवश्यकता अनुसार समसामयिक वनाइ लागू गरिनेछ।

**२१.<u>UN Mission मा जाँदा उपलब्ध हुने सुविधा</u>** : (१) प्रहरी कल्याण कोषवाट प्रहरी कर्मचारीलाई झोला थान-१, व्याक प्याक थान-१, स्वीस मल्टिपल नाईफ थान-१, टर्च लाईट थान-१, आर्म-व्याज थान-२, टिर्सट थान-२ र झुल (Mossy Dome) थान-१ लगायतका सामान उपलव्ध गराइनेछ। यी सामानहरू प्रहरी कर्मचारीले नियमानुसार पाउने सुविधामा गणना गरिने छैन।

(२) प्रहरी कर्मचारीलाई आवश्यक भ्याक्सिन (Vaccination) नेपाल प्रहरी अस्पताल मार्फत उपलव्ध गराइनेछ।

(३) प्रहरी कर्मचारीले माग गरेमा नगद रू.१,००,०००।- (अक्षेरेपि एक लाखसम्म) सापटी सुविधा उपलव्ध गराइनेछ।

(४) प्रहरी कर्मचारीलाई लुगा-भत्ता सुविधा वापत नगद रू. ७,०००।- (सात हजार) उपलव्ध गराइनेछ।

(५) Contingent Commander वा Team Leader लाई मिशन Commander को थप जिम्मेवारी (प्रतिवेदन, कर्मचारी व्यवस्थापन, विभिन्न कार्यक्रम आयोजना आदिका लागि) विविध खर्चका रूपमा वार्षिक USD 500 (अमेरिकी डलर पाँच सय) प्रहरी कल्याण कोषवाट उपलब्ध गराइनेछ तर एक जनामात्र खटिएको हकमा यो सुविधा लागू हुने छैन।

(६) प्रहरी कर्मचारीको मिशन स्थलमा वा मिशनमा बिरामी भई सोही कारणले नेपाल फिर्ता भई ३५ दिनभित्र मृत्यु भएमा निजले मिशनमा योगदान गरे वापत प्रहरी कल्याण कोषमा नियमानुसार बुझाउनु पर्ने रकम छुट दिइनेछ।

## परिच्छेद ७

## आयमूलक कार्यक्रम

**२२.<u>प्रहरी पेट्रोल पम्प</u>** : (१) नेपाल प्रहरीका सवारी साधनहरू तथा प्रहरी कर्मचारीलाई सरल र सहज रूपमा इन्धन आपुर्ति गराउन तथा विशेष परिस्थितिमा समेत ईन्धनको आवश्यकता पुर्ति गर्न काठमाडौं लगायत देशका विभिन्न स्थानमा प्रहरी कल्याण कोष पेट्रोल पम्पहरू सञ्चालन हुनेछन्।

(२) प्रहरी कल्याण कोष पेट्रोल पम्पहरू सम्बन्धित पेट्रोल पम्पको सञ्चालक समितिको निर्णयानुसार सञ्चालन, रेखदेख, मर्मत सम्भार तथा व्यवस्थापन हुनेछ।

(३) पेट्रोल पम्पको खाता सञ्चालन काठमाडौं उपत्यकाभित्र नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग प्रमुख, कल्याण महाशाखा प्रमुख (कोषको सदस्य-सचिव) र सम्वन्धित पेट्रोल पम्पका लेखा प्रमुख समेत तीन जना मध्ये कुनै दुईजनाको र उपत्यका वाहिर कल्याण महाशाखाको स्वीकृतिमा पम्प नजिकको प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वा सोभन्दा माथिका प्रहरी अधिकृत र सम्वन्धित पम्पको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ।

(४) पेट्रोल पम्पहरूले प्रहरी कल्याण कोष सञ्चालक समितिको निर्णय बमोजिम प्रहरी कर्मचारीको कल्याणको लागि प्रहरी कल्याण कोषमा निश्चित रकम योगदान गर्नुपर्नेछ।

(५) कल्याण महाशाखाले प्रहरी पेट्रोल पम्पबाट प्रवाह हुने सेवाको गुणस्तरमा निरन्तर अभिवृद्दि गर्न दैनिक बिक्री तथा मौज्दातको अभिलेख लगायतका कार्यहरूको नियमित रूपमा अनुगमन एवं सेवाग्राहीहरूको गुनासो सम्बोधन गर्नेछ।

(६) आवश्यकतानुसार थप पेट्रोल पम्पहरू निर्माण गर्नुपरेमा सञ्चालित पेट्रोल पम्पहरूको मुनाफा रकमबाट लगानी गरी प्रहरी कल्याण कोष सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ।

(७) [४]प्रहरी कल्याण कोषद्वारा सञ्चालित पेट्रोल पम्प र अन्य उपयुक्त स्थानहरूमा संरचना र विद्युतीय चार्जिङ स्टेशन निर्माण गरिनेछ।

**२३. <u>सपिङ कम्प्लेक्स</u>** : (१) कोषको आयआर्जन वृद्धि गरी प्रहरी कर्मचारीका लागि कल्याणकारी कार्यक्रम मार्फत सेवा पुऱ्याउने उद्देश्य सहित कोष अन्तर्गत विभिन्न स्थानमा सपिङ कम्प्लेक्सहरू सञ्चालनमा रहनेछन्।

(२) कोष अन्तर्गत रहेका सपिङ कम्प्लेक्सहरू भाडामा लगाउँदा सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धाको आधारमा बढी कवोल गर्ने प्रस्तावकलाई भाडामा दिइनेछ।

(३) भाडा सम्झौता गर्नु अगाडी प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्वर लिएको, सम्वन्धित आ.व. को कर चुक्ता लिएको हुनुपर्नेछ।

(४) सपिङ कम्प्लेक्सहरू भाडामा लगाउँदा दुई पटकसम्म सार्वजनिक सूचना प्रकाशित गर्दा समेत प्रस्ताव पेश हुन नआएमा तोकिएको न्यूनतम भाडा दरमा कम नहुने गरी आपसी सहमतिमा भाडामा लगाउन सकिनेछ।

(५) सपिङ कम्प्लेक्सहरू भाडामा लगाउँदा सामान्यतया बढीमा चार वर्षसम्मको लागि करार सम्झौता गरिनेछ। दुवै पक्षको मञ्जुरीमा थप करार नविकरण गर्न सकिनेछ र प्रत्येक दुई वर्षमा सामान्यतया १० % सम्म भाडा वृद्दि गर्न सकिनेछ। सपिङ कम्प्लेक्सहरू भाडामा लगाउँदा दुई पटकसम्म सार्वजनिक सूचना प्रकाशित गर्दा समेत प्रस्ताव पेश हुन नआएमा तोकिएको न्यूनतम् भाडा दरमा कम नहुने गरी आपसी सहमतिमा भाडामा लगाउन सकिनेछ।

(६) [५]प्रहरी कल्याण कोषको लगानीमा निर्माण गरिएका संरचनाहरूको कूल आम्दानी रकम कल्याण कोषको खातामा जम्मा गर्ने र संरचनाको मर्मत सम्भार, रंगरोगन लगायतका कार्यमा आवश्यकता अनुसार बढीमा १० % (दश

---

४ पहिलो संशोधनद्वारा संशोधित।

५ पहिलो संशोधनद्वारा थप।

प्रतिशत) रकम छुट्याई उल्लेखित रकम कल्याण महाशाखाको स्वीकृतिमा सञ्चालन तथा रेखदेख गर्ने कार्यालयले खर्च गर्न सक्नेछ।

**२४. नेपाल पुलिस क्लव** : (१) शारीरिक तन्दुरूस्ती तथा मनोरञ्जनका लागि काठमाडौंको भृकुटीमण्डपमा पुलिस क्लव र पुलिस हेल्थ क्लव सञ्चालनमा रहनेछ।

(२) पुलिस क्लवबाट बहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारी र परिवार तथा अमर/सहिद प्रहरीका परिवार [६]लगायतलाई प्रहरी व्याडमिन्टन, लङ टेनिस समेतका सुविधाहरू उपलव्ध गराइनेछ।

(३) हेल्थ क्लवबाट स्विमिङ, जिम, साउना, चमेनागृह लगायतका सुविधाहरू सर्वसाधारण समेतलाई सःशुल्क उपलब्ध गराइनेछ।

(४) क्लबबाट प्रवाह हुने सेवाको गुणस्तरमा अभिवृद्दि गर्न निरन्तर अनुगमन गर्ने, सेवाग्राहीहरूसँग पृष्ठपोषण लिने तथा आवश्यक निर्देशनहरू दिने लगायतका कार्यहरू गरिनेछ।

(५) पुलिस क्लव [७]र हेल्थ क्लबको सञ्चालन, रेखदेख, मर्मत सम्भार लगायतका खर्चको लागि न्यूनतम् शुल्क लिन सक्ने गरी मापदण्ड बनाई ब्यवस्थित गरिनेछ।

## परिच्छेद ८

## शैक्षिक वृत्ति तथा छात्रवृत्ति

**२५. शैक्षिक वृत्ति :** कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत अमर/सहिद प्रहरीका सन्ततिलाई शैक्षिक वृत्ति स्वरूप बार्षिक रू.१२,०००।– (अक्षेरपि बाह्र हजार मात्र) का दरले शैक्षिक वृत्ति उपलब्ध गराइनेछ।

**२६. अशक्त छात्रवृत्ति :** बहालवाला प्रहरी कर्मचारी कर्तव्यपालनाको सिलसिलामा अशक्त भई अवकास प्राप्त भएमा निजको एकजना सन्ततिलाई कक्षा ६ देखि स्नातक तहसम्मको अध्ययनका लागि बार्षिक रू.१२,०००।– (अक्षेरपि बाह्र हजार मात्र) का दरले उपलब्ध गराइनेछ।

**२७. जेहेन्दार छात्रवृत्ति :** (१) [८]बहालवाला, अवकाश प्राप्त प्रहरीका नेपाल पुलिस स्कुल र सामुदायिक विद्यालयमा अध्ययन गर्ने जुनियर प्रहरी अधिकृतका सन्तति मध्ये उच्च अंक प्राप्त गर्ने कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत सन्ततिलाई अनुसूची ८ बमोजिमको कोटामा नबढाई जनही बार्षिक रू. १२,०००/- को दरले प्रत्येक शैक्षिक सत्रमा जेहेन्दार छात्रवृत्ति रकम प्रदान गरिनेछ।

(२) [९]बहालवाला, अवकाश प्राप्त प्रहरीका नेपाल पुलिस स्कुल र सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी वरिष्ठ हवल्दारका सन्तति मध्ये उच्च अंक प्राप्त गर्ने कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत सन्ततिलाई अनुसूची- (८ क ) बमोजिमको कोटामा नबढाई जनही बार्षिक रू १२,०००/- को दरले प्रत्येक शैक्षिक सत्रमा जेहेन्दार छात्रवृत्ति रकम प्रदान गरिनेछ।

(३) उपत्यका प्रहरी कार्यालय तथा प्रदेश प्रहरी कार्यालयहरूले छात्रवृत्ति प्रदान गर्ने क्रममा कुनै कारणवस छुट्याइएको कोटा खाली हुन गएमा सम्बन्धित प्रहरी कार्यालयहरूले आवश्यकता अनुसार सो वर्षको लागि कोटा समायोजन गरी छात्रवृत्ति प्रदान गर्न सक्नेछ र छात्रवृत्ति वापतको रकम उपलब्ध गराउन नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखामा सिफारिस गर्नुपर्नेछ।

---

६ पहिलो संशोधनद्वारा संशोधित।

७ पहिलो संशोधनद्वारा संशोधित।

८ पहिलो संशोधनद्वारा संशोधित।

९ पहिलो संशोधनद्वारा संशोधित।

(४) उपरोक्त बमोजिम छात्रवृत्ति प्राप्त गरेका अमर/सहिद एवं बहालवाला तथा अवकाश प्राप्त अशक्त प्रहरी कर्मचारीका सन्ततिले अन्य कुनै पनि छात्रवृत्ति पाउने छैनन्।

**२८.उच्चशिक्षा छात्रवृत्ति** : (१) प्रत्येक वर्षको SEE परीक्षामा उच्च अंक हासिल गर्ने बहालवाला तथा अवकाश प्राप्त प्रहरीका सामुदायिक/सरकारी विद्यालयमा अध्ययन गर्ने सन्ततिलाई र अमर/सहिद र अशक्त प्रहरीका सन्ततिको हकमा जुनसुकै विद्यालयमा अध्ययन गरेका सन्ततिलाई कक्षा ११/१२ अध्ययनको लागि लगातार दुई बर्षसम्म जनही बार्षिक रू.१८,०००।– (अक्षेरेपि अठार हजार) का दरले देहाय बमोजिमको कोटामा उच्चशिक्षा छात्रवृत्ति रकम दिइनेछ।

| सि.नं | दर्जा | [10]सामुदायिक/सरकारी विद्यालय | | अमर/ सहिद | अवकाश प्राप्त अशक्त | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | बहालवाला | अवकाश प्राप्त | | | |
| १ | प्र.नि.वा सो भन्दा माथि | ३ | ३ | ५ | ५ | |
| २ | जु.प्र.अ. | ७ | ५ | | | |
| ३ | प्र.का.स.देखि प्र.व.ह. | १४ | ८ | | | |
| **जम्मा** | | **२४** | **१६** | **५** | **५** | **५०** |

(२)प्रत्येक वर्षको +२ कक्षाको परीक्षामा उच्च अंक हासिल गर्ने बहालवाला, अवकाश र अमर/सहिद एवं अशक्त प्रहरीका सन्ततिलाई जुनसुकै विश्वविद्यालय/कलेजमा स्नातक तह अध्ययनको लागि जनही बार्षिक रू.१८,०००।– (अक्षेरेपि अठार हजार मात्र) का दरले देहाय बमोजिमको कोटामा उच्चशिक्षा छात्रवृत्ति रकम दिइनेछ।

| सि.नं | दर्जा | [11]सामुदायिक/सरकारी विद्यालय | | अमर/ सहिद | अवकाश प्राप्त अशक्त | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | बहालवाला | अवकाश प्राप्त | | | |
| १ | प्र.नि.वा सो भन्दा माथि | ३ | ३ | ५ | ५ | |
| २ | जु.प्र.अ. | ७ | ५ | | | |
| ३ | प्र.का.स.देखि प्र.व.ह. | १४ | ८ | | | |
| **जम्मा** | | **२४** | **१६** | **५** | **५** | **५०** |

(३) प्रहरी निरीक्षक वा सोभन्दा माथिका प्रहरी कर्मचारीका सन्ततिलाई उच्चशिक्षा छात्रवृत्ति उपलव्ध गराउँदा क्रमशः प्रहरी निरीक्षक देखि सो भन्दा माथि प्राथमिकताको आधारमा छात्रवृत्ति रकम उपलव्ध गराइनेछ।

(४) उच्चशिक्षा छात्रवृत्ति उपलव्ध गराउँदा तोकिएको कोटा बमोजिम आवेदन प्राप्त नभएमा जम्मा संख्यामा नवढ्ने गरी पहिले सामुदायिक विद्यालयतर्फ र सो पश्चात समेत पूर्ति नभएमा क्रमशः अमर, अशक्त, अवकाश प्राप्त तथा बहालवालाको सन्ततिलाई प्राथमिकतामा राखी जुनसकै शैक्षिक संस्थामा अध्ययन गर्नेलाई छात्रवृत्ति रकम उपलव्ध गराइनेछ।

(५) [12]दफा २५, २६, २७ र २८ बमोजिमको छात्रवृत्ति रकम प्रदान गर्नको लागि नेपाल पुलिस स्कुलहरूले बार्षिक रूपमा प्रहरी कल्याण कोष सञ्चालक समितिले तोके बमोजिमको रकम कोषको खातामा जम्मा गर्नुपर्नेछ।

**२९. उच्चशिक्षा प्रोत्साहन छात्रवृत्ति :** शिक्षा मन्त्रालय, चिकित्सा शिक्षा आयोग वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य आयोग तथा सोही प्रकृतिका नेपाल सरकारवाट मान्यता प्राप्त निकायबाट लिएको परीक्षामा छात्रवृत्ति कोटामा

१० पहिलो संशोधनद्वारा संशोधित।

११ पहिलो संशोधनद्वारा संशोधित।

१२ पहिलो संशोधनद्वारा थप।

छनोट भई (चिकित्साशास्त्र, पाइलट, चार्टड एकाउन्टेन्ट, इन्जिनियरीङ, नर्सिङ, Computer Science) विषयमा उच्च शिक्षा अध्ययनरत बहालवाला, अवकाश प्राप्त र अमर/अशक्त प्रहरीका सन्ततिलाई जनही रू.१,००,०००।- (अक्षेरपि एक लाख मात्र) का दरले प्रोत्साहन स्वरूप छात्रवृत्ति रकम उपलब्ध गराइनेछ।

३०. **IPTF छात्रवृत्ति :** सन् १९९२ मा United Nations' International Police Task Force (IPTF) मिसन पुरा गरी फर्केर आएका नेपाल प्रहरीका अधिकृतहरूबाट स्वेच्छिक रूपमा एकमुष्ट USD १३,४५०।– (ने.रू. ७,८६,८४२।५५) जम्मा गरी खडा गरिएको IPTF छात्रवृत्ति कोषको व्याजबाट १० कक्षासम्म अध्ययनको लागि सो कोषको व्याज रकमबाट वार्षिक रू.६०००।– (प्रति व्यक्ति) का दरले आर्थिक अवस्था कमजोर भएका द्वन्द्व पिडित अशक्त प्रहरी कर्मचारीका सन्ततिलाई पहिलो प्राथमिकतामा राखी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको छ। छनोटमा परेका सन्ततिले १० कक्षा पुरा नगरेसम्म लगातार छात्रवृत्ति रकम पाइरहने छन् तर अध्ययन गर्न छाडेमा वा अनुत्तीर्ण भएमा तत्पश्चात उक्त छात्रवृत्ति रकम दिइनेछैन।

३१.**शैक्षिक वृत्ति/ छात्रवृत्ति उपलब्ध गराउने प्रक्रिया :** शैक्षिक वृत्ति तथा छात्रवृत्ति वितरणको लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरिनेछ :-

(१) कल्याण महाशाखाले प्रहरी कार्यालयहरूसँग शैक्षिक वृत्ति/छात्रवृत्ति प्रदान गर्न सन्ततिको नामावली माग गरिनेछ।

(२) शैक्षिक वृत्ति/ छात्रवृत्ति प्राप्त गर्न नेपाल पुलिस स्कुलमा अध्ययनरत सन्ततिको हकमा सम्वन्धित विद्यालय मार्फत र अन्य विद्यालयमा अध्ययरत सन्ततिको हकमा सम्वन्धित जिल्ला प्रहरी कार्यालय मार्फत अनुसूची-९ बमोजिम निवेदन सहितका कागजातहरू पेश गर्नुपर्नेछ।

(३) प्राप्त भएका निवेदन सहितका कागजातहरू स्वीकृतिको लागि नेपाल पुलिस स्कुल तथा जिल्ला प्रहरी कार्यालयले नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखामा पठाउनु पर्नेछ।

(४) शैक्षिक वृत्ति, अशक्त छात्रवृत्ति र उच्चशिक्षा प्रोत्साहन छात्रवृत्तिको लागि प्राप्त नामावली बमोजिम र जेहेन्दार छात्रवृत्ति, उच्चशिक्षा छात्रवृत्ति र IPTF छात्रवृत्तिको लागि प्राप्त नामावली मध्ये प्राप्ताङ्कको योग्यता क्रमको आधारमा निर्धारित कोटा बमोजिम कल्याण महाशाखाबाट शैक्षिक वृत्ति/ छात्र वृत्ति प्राप्त गर्ने सन्ततिको नामावली छनोट गरिनेछ।

(५) शैक्षिक वृत्ति/छात्रवृत्तिको लागि छनोट गरिएको नामावलीको आधारमा प्रहरीका सन्ततिलाई कल्याण महाशाखाबाट जारी गरिएको अनुसूची-१० बमोजिमको छात्रवृत्ति अधिकार-पत्र कल्याण महाशाखा/ विद्यालय/ जिल्ला प्रहरी कार्यालय मार्फत उपलव्ध गराइनेछ।

(६) छात्रवृत्ति अधिकार पत्र प्राप्त गरेका सन्ततिलाई सम्वन्धित विद्यालय र जिल्ला प्रहरी कार्यालयले शैक्षिक वृत्ति/छात्रवृत्ति रकम वितरण गर्नेछ।

(७) कल्याण महाशाखाले शैक्षिक वृत्ति/छात्रवृत्ति वितरण गरेको भरपाईका आधारमा सोधभर्ना रकम निकासा गरिनेछ।

३२.**शैक्षिक वृत्ति/ छात्रवृत्तिका लागि पेश गर्नुपर्ने कागजात** : शैक्षिक वृत्ति तथा छात्रवृत्ति प्राप्त गर्न देहाय बमोजिका कागजातहरू पेश गर्नुपर्नेछ :-

(१) तोकिए बमोजिमको ढाँचामा निवेदन।

(२) जन्मदर्ता/ नागरिकता र नाता प्रमाणित पत्रको प्रतिलिपि।

(३) अध्ययनरत विद्यालय/कलेजको सिफारिस पत्र।

(४) लव्धाङ्क पत्र तथा चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि।

(५) सम्बन्धित विद्यार्थीको २ प्रति फोटो।

(६) बहालवाला कर्मचारीका सन्ततिको हकमा कार्यरत प्रहरी कार्यालयको सिफारिस पत्र।

(७) अमर/सहिद, अशक्त तथा अवकाश प्राप्त प्रहरी कर्मचारीका सन्ततिको हकमा अभिभावकको निवृत्तिभरण अधिकार पत्र, अमर/सहिद, अशक्त खुल्ने कागजात र नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(८) उच्चशिक्षा प्रोत्साहन छात्रवृत्तिको हकमा शिक्षा मन्त्रालय, चिकित्सा शिक्षा आयोग वा नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट छात्रवृत्तिमा छनोट भएको प्रमाण कागजात।

**३३. छात्रवृत्ति सम्वन्धी व्यवस्था :** (१) बहालवाला, अवकाश प्राप्त प्रहरी कर्मचारी र अमर/शहिद, अशक्त प्रहरीका सन्ततिलाई छात्रवृत्ति प्रदान गर्दा शैक्षिक वृत्ति, अशक्त छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति, उच्चशिक्षा छात्रवृत्ति, उच्चशिक्षा प्रोत्साहन छात्रवृत्ति र IPTF छात्रवृत्ति दोहोरो नपर्ने गरी उपलव्ध गराउनु पर्नेछ।

(२) छनोटमा परेका सन्तति कुनै कक्षामा अनुत्तिर्ण भएमा यो सुविधा उपलव्ध हुने छैन। कुनै कोटा पुरा नभएमा समायोजन गरिनेछ।

## परिच्छेद ९
## कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता

**३४. कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता :** (१) अवकाश भई निवृत्तिभरण अधिकार पत्र प्राप्त ७० वर्ष उमेर पुगेका प्रहरी कर्मचारीलाई (पुरूष मासिक रू.१,०००।- र महिला मासिक रू.१,५००।- का दरले) प्रहरी कल्याण कोषको तर्फबाट कदर स्वरूप ज्येष्ठ प्रहरी भत्ता उपलब्ध गराइनेछ।

(२) ज्येष्ठ प्रहरी भत्ता जुनसुकै समयमा दावी गरे पनि ७० बर्ष नाघेको मितिदेखि नै एकमुष्ट उपलब्ध गराइनेछ।

(३) अवकाश प्राप्त प्रहरी कर्मचारीले कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता प्राप्त गर्न अनुसूची-११ बमोजिमको निवेदन सहित निवृत्तिभरण अधिकार पत्र, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो कल्याण महाशाखा वा सम्बन्धित जिल्ला प्रहरी कार्यालय मार्फत पेश गर्नुपर्नेछ।

(४) प्राप्त कागजातको आधारमा कल्याण महाशाखाबाट ज्येष्ठ प्रहरी कर्मचारीको नाममा अनुसूची-१२ ज्येष्ठ प्रहरी भत्ता अधिकार पत्र जारी गरिनेछ। ज्येष्ठ प्रहरी भत्ता अधिकार पत्र प्राप्त ज्येष्ठ प्रहरी कर्मचारीलाई सम्वन्धित जिल्ला प्रहरी कार्यालयबाट अर्धवार्षिक रूपमा वितरण गरिनेछ। भरपाईका आधारमा कल्याण महाशाखाबाट सोधभर्ना निकासा गरिनेछ।

(५) कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता सम्बन्धित व्यक्तिको जीवनभर उपलब्ध गराइनेछ।

## परिच्छेद १०
## आर्थिक सहयोग तथा अनुदान

**३५. किरियाकर्म खर्च अनुदान** : (१) बहालवाला तथा सेवानिवृत्त प्रहरी कर्मचारीको मृत्यु भएमा निजको नजिकको हकवालालाई प्रहरी कल्याण कोषबाट जिल्ला प्रहरी कार्यालय मार्फत रू.४०,०००।- (अक्षेरेपि चालिस हजारमात्र) किरियाकर्म खर्च उपलव्ध गराइनेछ।

(२) प्रहरी कर्मचारीको बसोबास रहेको प्रहरी इकाईले तत्काल रकम उपलव्ध गराई जिल्ला प्रहरी कार्यालय मार्फत कल्याण महाशाखाबाट सोधभर्ना हुनेछ।

(३) यो सुविधा प्राप्त गर्न हकवालाको निवेदन, बहालवाला कर्मचारीको हकमा प्रहरी कार्यालयबाट मृत्यु खाली गरिएको पत्र, सेवानिवृत्त प्रहरी कर्मचारीको हकमा निवृत्तिभरण अधिकार पत्रको प्रतिलिपि, मृत्यु दर्ताको प्रमाणपत्र, हकवालासँग नाता प्रमाणित प्रतिलिपि र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

**३८. विवाह अनुदान :** (१) कर्तव्यपालनाको सिलसिलामा वीरगति प्राप्त अमर/सहिद प्रहरीको एक जना छोरीको विवाहमा संस्थागत अभिभावकत्व बहन गर्दै प्रहरी कल्याण कोषबाट रू.५०,०००।– (अक्षेरेपि पचास हजारमात्र) विवाह खर्च अनुदान उपलब्ध गराइनेछ।

(२) विवाह अनुदान प्राप्त गर्न सम्वन्धित व्यक्तिले अमर/सहिद प्रहरी खुल्ने कागजात, अमर/सहिद प्रहरी र परिवारको नाता प्रमाणित, छोरीको नागरिकता तथा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

**३७. औषधी उपचार अनुदान** : (१) अमर/सहिद प्रहरी कर्मचारीहरूका श्रीमान वा श्रीमती, निवृत्तभरण सुविधा प्राप्त पूर्व प्रहरी कर्मचारीहरू आफैं वा आश्रित श्रीमान/श्रीमती मध्ये कसैलाई गम्भिर रोगको उपचार गर्नुपरेमा कुनै एकलाई एक पटकको लागि रू.२,००,०००।– (अक्षेरेपि दुई लाख) अनुदान सहयोग प्रदान गरिनेछ।

(२) अनुदान रकम प्राप्त गर्न नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको निर्णय सहितको सिफारिस पत्र, सम्बन्धित व्यक्तिको निवेदन, निवृत्तिभरण अधिकार पत्र र नाता प्रमाणितको प्रतिलिपि पेश गर्नुपर्नेछ।

[१३](३) सेवारत अवस्थामा प्रहरी कर्मचारी वा निजको श्रीमान्/श्रीमती मध्ये कसैले औषधी उपचार अनुदान सुविधा लिएको भए सेवाबाट अलग भएपछी यो सुविधा उपलव्ध हुने छैन।

**३८. अन्य अनुदान सहयोग** : स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएका विविध कारणले उत्पन्न हुन सक्ने परिस्थितीमा कुनै संस्था, बहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारी र तिनका परिवारको हितको लागि रू. १०,०००।- (अक्षेरेपि दशहजारसम्म) महाशाखा प्रमुखले, रू.२५,०००।– (अक्षेरेपि पच्चिस हजारसम्म) सञ्चालक समितिका अध्यक्षले र सो भन्दा माथि सञ्चालक समितिको निर्णय बमोजिम अन्य अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

**३९. आर्थिक सहयोग** : (१) दैवी प्रकोप तथा अन्य विपत्ति (भुकम्प, महामारी, आगलागी, बाढी पहिरो, दुर्घटना आदि) बाट क्षति भएमा आवश्यक प्रमाण कागजातका आधारमा बहालवाला, अवकाश प्राप्त प्रहरी कर्मचारी र अमर/अशक्त प्रहरीका परिवारलाई कल्याण कोषको स्वीकृत योजना बमोजिमको आर्थिक सहायता तत्काल दिइनेछ। यो सुविधा प्रहरी कल्याण कोष तथा सम्बन्धित उपत्यका/प्रदेश प्रहरी कार्यालयमा रहेको कोषबाट कल्याण महाशाखा प्रमुखको स्वीकृतिमा रू.१०,०००।- (अक्षेरेपि दश हजारसम्म) उपलब्ध गराउन सकिनेछ।

(२) आर्थिक सहयोग प्राप्त गर्न बहालवाला प्रहरी कर्मचारीको हकमा प्रहरी कार्यालयको मुचुल्का र कार्यरत प्रहरी कार्यालयको सिफारिस पेश गर्नुपर्ने, अवकाश प्राप्त प्रहरी कर्मचारी र अमर/अशक्त प्रहरीका हकमा प्रहरी कार्यालयको मुचुल्का र सम्वन्धित व्यक्तिको निवेदन सहित निवृत्तिभरण अधिकार पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

---

१३ दोस्रो संशोधनद्वारा थप।

## परिच्छेद ११

## किस्तावन्दी कर्जा कार्यक्रम

४०.**किस्तावन्दी कर्जा :** (१) यो कार्यक्रम अन्तर्गत बहालवाला प्रहरी कर्मचारीको लागि नयाँ/पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन (कार/जिप), मोटरसाईकल/स्कुटर, कम्प्यूटर, ल्यापटप तथा अन्य घरायसी प्रयोजनका सामान (वासिङ मेसिन, ट्रेड मिल वा उस्तै प्रकृतिका शारीरिक अभ्यास गर्ने अन्य सामान, टेलिभिजन, फ्रिज (Refrigerator), एयर कन्डिसनर, माईक्रो ओभन लगायत), निर्ब्याजी उपचार सापटी र [१४]आकस्मिक सहुलियत कर्जा उपलब्ध गराइनेछ।

(२) किस्तावन्दी शाखाको खाता सञ्चालन नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग प्रमुख, कल्याण महाशाखा प्रमुख (कोषको सदस्य-सचिव) र किस्तावन्दी शाखाका लेखा प्रमुख समेत तीन जना मध्ये कुनै दुईको संयुक्त हस्ताक्षरबाट हुनेछ। यस कार्यक्रमको सम्पूर्ण आर्थिक कारोवार बैंक मार्फत गरिनेछ।

४१. **किस्तावन्दी कर्जा मापदण्ड :** किस्तावन्दी कर्जा प्राप्त गर्न देहाय बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ :-

(१) निवेदक बहालवाला प्रहरी कर्मचारी हुनुपर्दछ।

(२) नयाँ/पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन लिन ७ वर्ष सेवा अवधि पुरा भएका जुनियर प्रहरी अधिकृतदेखि माथीका प्रहरी कर्मचारी हुनुपर्दछ।

(३) सवारी साधन (मोटरसाईकल/स्कुटर), कम्प्यूटर, ल्यापटप र अन्य घरायसी प्रयोजनको लागि तोकिएका सामानहरू तथा निर्ब्याजी उपचार सापटी लिन ५ वर्ष सेवा अवधि पुरा भई १ (एक) बर्ष बाँकी रहेको हुनुपर्दछ।

(४) नयाँ/पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन कार/जिपको हकमा निवेदकले खरिद गर्न चाहेको सवारी साधनको दरभाउपत्र (Quotation)/मूल्याङ्कनकर्ताले खुलाएको मूल्यको ७० प्रतिशत वा तोकिएको दर्जागत कर्जा रकममा नबढ्ने गरी कर्जा उपलब्ध गराइनेछ।

(५) बिशेष कल्याणकारी कोष तथा किस्तावन्दी शाखाबाट कर्जा लिएका प्रहरी कर्मचारीलाई नयाँ/पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन कर्जा उपलव्ध गराइने छैन।

(६) बिशेष कल्याणकारी शाखाबाट घर [१५]खरिद वा निर्माण कर्जा र शैक्षिक कर्जा (मेडिकल, पाइलट वा अन्य यस्तै प्रकृतिका तुलनात्मक रूपमा ठूलो राशीको अध्ययन लागत लाग्ने) लिएका प्रहरी कर्मचारीलाई किस्तावन्दी कार्यक्रम अन्तर्गत कुनै पनि कर्जा उपलव्ध गराइने छैन।

(७) किस्तावन्दी कर्जा कार्यक्रम अन्तर्गत सामान तथा उपकरणहरू खरिद गर्दा रू. २ लाखको सिमाभित्र रही सूचीकृत विक्रेताबाट एकमुष्ट खरिद गर्नुपर्नेछ।

(८) सवारी साधन (चारपाङ्ग्रे/दुई पाङ्ग्रे) को कर्जा चुक्ता नहुँदासम्म प्रहरी कल्याण कोषको नाममा दर्ता कायम रहनेछ। सवारी साधनको दर्ता तथा वीमा पोलिसी नविकरण सम्बन्धी जिम्मेवारी ऋणी पक्षको हुनेछ।

(९) कर्जाको सम्पूर्ण साँवा र व्याज चुक्ता भएपश्चात सम्बन्धित ऋणीको नाममा नामसारी गराउनु पर्नेछ।

(१०) सवारी साधन (कार/जिप वा मोटरसाईकल/स्कुटर) कर्जा लिन इच्छुक प्रहरी कर्मचारी आफ्नै वा एकाघरको बावु/आमा/श्रीमान/श्रीमती/छोरा/छोरीको सवारी चालक अनुमति पत्र र नाता खुल्ने कागजातको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

---

१४ दोस्रो संशोधनद्वारा संशोधित।

१५ पहिलो संशोधनद्वारा संशोधित।

(११)पुरानो सवारी साधन लिन चाहने प्रहरी कर्मचारीले विक्रेताबाट खरिद गर्न चाहेको मूल्य खुल्ने आपसी समझादारी पत्र, सवारी दर्ता किताब, सवारी साधन खरिद गर्दाको भ्याट बिलको प्रतिलिपि सहितको निवेदन किस्तावन्दी शाखामा पेश गर्नुपर्नेछ।

(१२)कर्मचारीको निवेदनको आधारमा किस्तावन्दी शाखाले सवारी महाशाखालाई मूल्याङ्कनको लागि पत्राचार गर्नेछ र सो को मूल्याङ्कन प्रतिवेदन किस्तावन्दी शाखामा पेश गर्नुपर्नेछ।

(१३)पुरानो चारपाङ्ग्रे हलुका सवारी साधनको खरिदको लागि सवारी महाशाखाबाट प्राप्त मूल्याङ्कन रकमको ७० % वा दर्जागत रूपमा तोकिएको कर्जा रकम मध्ये घटी हुन आउने रकम उपलव्ध गराइनेछ।

(१४)पुरानो चारपाङ्ग्रे हलुका सवारी साधनको मूल्याङ्कन देहाय बमोजिम हुनेछ :-

(क) प्रहरी कर्मचारीले खरिद गर्न चाहेको पुरानो चारपाङ्ग्रे हलुका सवारी साधनको खरिद गर्दाको भ्याट बिलको आधारमा देहाय बमोजिमको ह्रास कट्टी गरी सवारी महाशाखाबाट मूल्याङ्कन गरिनेछ,

| सि.न. | सवारी साधनको आयू | ह्रास कट्टी दर |
|---|---|---|
| १. | ६ महिनादेखि १ बर्षभन्दा कम | ५ % |
| २. | १ बर्षदेखि २ बर्षभन्दा कम | १०% |
| ३. | २ बर्षदेखि ३ बर्षभन्दा कम | १५% |
| ४. | ३ बर्षदेखि ४ बर्षभन्दा कम | २५% |
| ५. | ४ बर्षदेखि ५ बर्षभन्दा कम | ३५% |
| ६. | ५ बर्षदेखि ७ बर्षसम्म | ४०% |

(ख) ६ महिनाभन्दा कम अवधि भएको सवारी साधनमा ह्रास कट्टी गरिने छैन,

(ग) खण्ड (क) बमोजिमको ह्रास कट्टी पश्चात हुन आउने रकममा पुरानो चारपाङ्ग्रे सवारी साधनको भौतिक र चालु अवस्था तथा बजार मूल्यको आधारमा १०% देखि ४०% सम्म थप रकम कट्टा गरिनेछ,

(घ) सवारी साधनको आयू सवारी दर्ता किताबमा उल्लेख भएको दर्ता मिति र निवेदकको निवेदन मिति अनुसार गणना गरिनेछ,

(ङ) पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन खरिद गर्ने प्रहरी कर्मचारीले बिक्रेता (व्यक्ति, रिकन्डिसन हाउस वा कम्पनी) सँग भएको खरिद मूल्य खुल्ने आपसी समझदारी पत्र पेश गर्नु पर्नेछ,

(च) ७ (सात) बर्षभन्दा पुरानो चारपाङ्ग्रे हलुका सवारी साधनलाई कर्जा प्रवाह गरिने छैन। साथै सूचिकृत नभएका फर्म/कम्पनी वा व्यक्तिबाट खरिद गर्न समेत कर्जा उपलव्ध गराउन सकिनेछ।

(१५) निर्ब्याजी उपचार सापटी देहाय बमोजिम उपलव्ध गराइनेछ :-

(क) बहालवाला प्रहरी कर्मचारी तथा परिवारलाई लागेको गम्भीर प्रकृतिको रोगको औषधोपचारका लागि दुई वर्षसम्म निर्ब्याजी उपचार सापटी उपलब्ध गराइनेछ। दुई बर्षभित्र पटक-पटक वा एकमुष्ट रूपमा बुझाउन सक्नेछ। तोकिएको समय पश्चात बुझाउन बाँकी रहेको रकममा बार्षिक ६ % ब्याजदरले ३ बर्षभित्र ३६ (छत्तिस) किस्तामा चुक्ता गर्नुपर्नेछ,

(ख) निर्ब्याजी उपचार सापटी लिन तोकिएको ढाँचामा निवेदन, नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको निर्णय सहितको सिफारिस पत्र र परिवारको हकमा प्रहरी कर्मचारी र विरामी बीचको नाता खुल्ने कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ,

(ग) बिशेष कल्याणकारी कोष तथा किस्तावन्दी शाखाबाट(नयाँ/पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन वाहेक) कर्जा सुविधा लिएको भएमा अघिल्लो महिनासम्मको नियमित मासिक किस्ता भुक्तानी गरेको हुनुपर्नेछ।

(१६) [१६]आकस्मिक सहुलियत कर्जा प्राप्त गर्न देहाय बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ :-

(क) आकस्मिक सहुलियत कर्जा प्राप्त गर्न प्रहरी बरिष्ठ नायव निरीक्षकदेखि प्रहरी कार्यालय सहयोगीसम्मका कर्मचारीको सेवा अवधि ५ बर्ष पुरा भएको हुनुपर्नेछ ,

(ख) यो कर्जा प्राप्त गर्न चारपाङ्ग्रे हलुका सवारी कर्जा लिएको भएमा सम्पूर्ण सावा र ब्याज भुक्तानी गरी सकेको हुनुपर्नेछ,

(ग) निर्ब्याजी उपचार सापटी लिएको भएमा सम्पूर्ण साँवा र ब्याज भुक्तानी गरी सकेको हुनुपर्नेछ ,

(घ) घर खरिद वा निर्माण सम्बन्धी कर्जा लिएको भएमा साँवा र ब्याज भुक्तानी गरी सकेको हुनुपर्नेछ ,

(ङ) शैक्षिक कर्जा (मेडिकल/पाइलट वा यस्तै प्रकृतिका ठूलो राशीको अध्ययन लागत लाग्ने) लिएको भएमा सावा र ब्याज भुक्तानी गरी सकेको हुनुपर्नेछ,

(च) औषधोपचार कर्जा (दश लाख भन्दामाथि खर्च हुने) लिएको भएमा साँवा र ब्याज भुक्तानी गरी सकेको हुनुपर्नेछ।

(१७) [१७]किस्तावन्दी कर्जा अन्तर्गत मोटरसाईकल/स्कुटर वा कम्प्यूटर, ल्यापटप तथा घरायसी प्रयोजनका सामान खरिद कर्जा मध्ये कुनै एक वटा कर्जा उपलब्ध गराइनेछ।

**४२.<u>किस्तावन्दी कर्जा कार्यक्रमको विवरण</u> :** प्रहरी कल्याण कोषबाट उपलब्ध गराइने किस्तावन्दी कर्जाको रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता र कर्जा अवधि देहाय बमोजिम हुनेछ।

| क्र.सं | विवरण | | कर्जा रकम (रू.) | ब्याजदर | किस्ता संख्या | मासिक किस्ता रकम (रू.) | अवधि (बर्ष) |
|---|---|---|---|---|---|---|---|
| **सवारी साधन** | | | | | | | |
| १. | नयाँ/पुरानो चारपाङ्ग्रे (कार/जिप) | जु.प्र.अ.को लागि | १५ लाखसम्म | ६% | १२० | १६,६५३।- सम्म | १० |
| | | प्र.नि. देखि प्र.उ.को लागि | २० लाखसम्म | ६% | १२० | २२,२०५।- सम्म | १० |
| | | प्र.व.उ. र प्र.ना.म.नि.को लागि | २५ लाखसम्म | ६% | १२० | २७,७५६।- सम्म | १० |
| | | प्र.अ.म.नि.र प्र.म.नि.को लागि | ३० लाखसम्म | ६% | १२० | ३३,३०७।- सम्म | १० |
| २. | मोटरसाईकल/स्कुटर | | ३ लाखसम्म | ६% | ७२ | ४,९७२।- सम्म | ६ |
| ३. | कम्प्यूटर, ल्यापटप तथा घरायसी प्रयोजनका सामानहरू (टेलिभिजन/ फ्रिज/एयर कन्डिसनर/ माईक्रो ओभन/वासिङ मेसिन/ट्रेड मिल वा उस्तै प्रकृतिका शारीरिक अभ्यास गर्ने अन्य सामान) | | २ लाखसम्म | ५% | ३६ | ५,९९५।- सम्म | ३ |
| ४. | निर्ब्याजी उपचार सापटी | | ३ लाखसम्म | ६% (२ बर्षपछि) | ३६ | ९,१२७।- सम्म | ३ |
| ५. | [१८]आकस्मिक सहुलियत कर्जा | प्र.ब.ना.नि.देखी प्र.का.स. सम्म | २ लाखसम्म | ५ % | २४ | ८,७७५।- सम्म | २ |

---

१६ दोस्रो संशोधनद्वारा थप।

१७ दोस्रो संशोधनद्वारा थप।

१८ दोस्रो संशोधनद्वारा थप।

४३.**किस्तावन्दी कर्जा उपलब्ध गराउने प्रक्रिया** : (१) प्रहरी कर्मचारीले चाहेको बिक्रेताबाट किस्तावन्दीमा खरिद गर्न छनोट गरेको सवारी साधन (चारपाङ्ग्रे/दुईपाङग्रे), सामान तथा उपकरणको स्पेशिफिकेशन (मोडल, प्रकार, रङ) र मूल्य खुलेको दरभाउ-पत्र, सवारी साधनको हकमा सवारी चालक अनुमति पत्र सहित अनुसूची -१३ तथा पुरानो चारपाङ्ग्रे हलुका सवारी साधनको हकमा अनुसूची -१४ बमोजिम निवेदन र अनुसूची -१५ बमोजिमको तमसुक भरी Integrated Police Welfare Information System मा अनलाइन आवेदन गर्नुपर्नेछ ।

(२) निर्ब्याजी उपचार सापटीको लागि नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको निर्णय सहितको सिफारिस पत्र एवं परिवारको हकमा प्रहरी कर्मचारी र विरामी वीचको नाता खुल्ने कागजातको प्रतिलिपि सहित अनुसूची-१६ बमोजिमको निवेदन र अनुसूची-१७ बमोजिम तमसुक [१९]तथा आकस्मिक सहुलियत कर्जाको लागि अनुसूची-(१७ क) को ढाँचामा निवेदन र अनुसूची- (१७ ख ) को ढाँचामा तमसुक भरी तोकिए बमोजिम कागजातहरू संलग्न गरी Software मार्फत अनलाइन आवेदन दिनुपर्नेछ ।

(३) सम्वन्धित कर्मचारीको दरवन्दी कार्यालयको लेखा शाखाले प्राप्त भएको अनलाईन आवेदन रूजु गरी स्वीकृत गर्नु पर्नेछ ।

(४) उक्त आवेदन किस्तावन्दी शाखाले रूजु गरी स्वीकृत गरे पश्चात सम्वन्धित कर्मचारीलाई अनुसूची-१८ बमोजिमको सामान निकासा अनुरोध पूर्जी जारी [२०]भए पश्चात ऋणी कायम गरी तलव खर्च लेख्ने सम्वन्धित प्रहरी कार्यालयलाई मासिक किस्ता कट्टीको लागि पत्राचार गर्नु पर्नेछ ।

(५) सम्बन्धित विक्रेताले सामान निकासा अनुरोध पुर्जी बमोजिम प्रहरी कर्मचारीलाई भरपाई गरी सामान उपलब्ध गराउनु पर्नेछ ।

(६) सामान बुझाएको भरपाई र विल समेत संलग्न राखी पेश गरेको कागजातका आधारमा किस्तावन्दी शाखाले विक्रेतालाई चेक मार्फत भुक्तानी[२१]गर्नु पर्नेछ ।

(७) किस्तावन्दी कर्जामा उपलव्ध गराइएको नयाँ/पुरानो सवारी साधन प्रहरी कल्याण कोषको नाममा रहनेछ । साँवा र व्याज चुक्ता गरे पश्चात तोकिएको यातायात व्यवस्था कार्यालयहरूमा खटाइएका प्रतिनिधि मार्फत सम्वन्धित कर्मचारीको नाममा नामसारी गरिनेछ ।

४४.**किस्तावन्दी कर्जा प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरू** : किस्तावन्दी कर्जा प्राप्त गर्न देहाय बमोजिका कागजातहरू पेश गर्नुपर्नेछ:-

(१) तोकिए बमोजिमको ढाँचामा निवेदन ।

(२) किस्तावन्दीमा खरिद गर्न छनोट गरेको सवारी साधन (चारपाङ्ग्रे/दुईपाङग्रे), सामान तथा उपकरणको स्पेशिफिकेशन (मोडल, प्रकार, रङ) र मूल्य खुलेको दरभाउ पत्र ।

(३) सवारी साधनको हकमा सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

(४) पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन खरिद गर्ने प्रहरी कर्मचारीले बिक्रेता (व्यक्ति, रिकन्डिसन हाउस वा कम्पनी) सँग भएको खरिद मूल्य खुल्ने आपसी समझदारी पत्र, सवारी दर्ता किताब, सवारी साधन खरिद गर्दाको भ्याट बिलको प्रतिलिपि सहितको निवेदन ।

---

१९ दोस्रो संशोधनद्वारा संशोधित ।
२० दोस्रो संशोधनद्वारा संशोधित ।
२१ दोस्रो संशोधनद्वारा संशोधित ।

(५) निर्ब्याजी उपचार सापटी लिन नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको निर्णय सहितको सिफारिस पत्र र परिवारको हकमा प्रहरी कर्मचारी र विरामी वीचको नाता खुल्ने कागजातको प्रतिलिपि।

(६) [२२]आकस्मिक सहुलियत कर्जा प्राप्त गर्न देहायको अवस्था अनुसार कार्यरत वा नजिकको प्रहरी कार्यालयको सिफारिस पत्र र परिवारको हकमा नाता खुल्ने कागजात (नागरिकताको प्रमाण पत्र/विवाह दर्ता/जन्मदर्ता/नाता प्रमाणित) को प्रतिलिपि पेश गर्नुपर्नेछ :-

(क) **स्वास्थ्य सम्बन्धी** : उपचारार्थ रहेको अस्पतालको उपचारका कागजातहरू,

(ख) **शिक्षा सम्बन्धी** : उच्च शिक्षा +२ सो सरह र सो भन्दा माथि अध्ययनको लागि प्रवेश परीक्षा उतिर्ण भएक ो वा अन्य उस्तै प्रकृतिका कागजातहरू,

(ग) **अन्य:** दैवी प्रकोप तथा अन्य विपत्ति (भुकम्प, महामारी, आगलागी, बाढी पहिरो, दुर्घटना आदि) बाट क्षति भएमा नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग परिचालन कक्षमा प्राप्त जाहेरी/सञ्चार पत्र वा प्रहरी कार्यालयको मुचुल्का र सिफारिस पत्र, उचित समस्या र समस्या पुष्टी हुने कागजात संलग्न गरी लेखेको निवेदन।

४५.**किस्तावन्दी कर्जा सुरक्षण** : किस्तावन्दी शाखा अन्तर्गत प्रवाह गरिएका विभिन्न कर्जाहरूका कागजातको सुरक्षण देहाय बमोजिम गर्नु पर्नेछ :-

(१) तलव खर्च लेख्ने सम्वन्धित लेखा शाखाले कट्टी गरेको मासिक किस्ता रकम तोकिएको बैंक खातामा जम्मा गरी Integrated Police Welfare Information System मा प्रविष्ट गर्नुपर्नेछ। साथै सम्बन्धित कार्यालयको लेखा शाखाले सक्कलै कागजातहरू माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ राख्नुपर्नेछ।

(२) किस्तावन्दी शाखाबाट कर्जा लिने प्रहरी कर्मचारी अवकाश भएमा वा कर्जा चुक्ता हुनु अगावै नोकरी छाडेको अवस्थामा बाँकी साँवा र ब्याज एकमुष्ठ असुल उपर गरिनेछ।

(३) किस्तावन्दी शाखाबाट लिएको कर्जा चुक्ता नहुँदै प्रहरी कर्मचारीको मृत्यु भएमा कोष तथा अन्य सेवा सुविधा लगायतको रकमबाट असुल गरिनेछ। सोबाट अपुग भएमा कानुन बमोजिम असुल उपर गरिनेछ।

(४) नयाँ/पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन खरिद गर्ने प्रहरी कर्मचारीको कर्जा चुक्ता नहुँदै नोकरीबाट अलग भएमा अनुसूची-१९ बमोजिमको पूरक सम्झौता गरिनेछ तर निवृत्तीभरण सुविधा प्राप्त नगरेका प्रहरी कर्मचारीको हकमा यो सुविधा लागू हुने छैन।

(५) नयाँ/पुरानो चारपाङ्ग्रे हलुका सवारी साधन खरिद गर्ने बहालवाला प्रहरी कर्मचारी तथा पूरक सम्झौता गरेका अवकाश प्राप्त प्रहरी कर्मचारीको कर्जा चुक्ता नहुँदै मृत्यु भएको अवस्थामा निवृत्तीभरण सुविधा प्राप्त गर्ने हकवालाले चाहेमा किस्ता नियमित गर्न सकिनेछ। निवृत्तीभरण प्राप्त नगरेकाको हकमा यो सुविधा लागू हुने छैन।

(६) किस्तावन्दी शाखाबाट कर्जा लिएका प्रहरी कर्मचारी सेवाबाट अलग हुँदा बाँकी कर्जा रकम चुक्ता गरेपछि वा पूरक सम्झौता गरे पश्चात मात्र फरफारक (Clearance) दिइनेछ।

(७) किस्तावन्दी कर्जा लिएका प्रहरी कर्मचारीले कर्जा वापतको रकम तोकिएको अवधि अगावै चुक्ता गर्न चाहेमा एकै पटक [२३]वा पटक पटक भुक्तानी गर्न सक्नेछ।

(८) नियमित कर्जा असुली तोकिएको समयभित्र गर्न/गराउन तलब खर्च लेख्ने कार्यालय र ऋणी प्रहरी कर्मचारीलाई जवाफदेही बनाइएको हुँदा कुनै कारणबस सो नभएको देखिएमा नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरिनेछ।

---

२२ दोस्रो संशोधनद्वारा थप।

२३ दोस्रो संशोधनद्वारा संशोधित।

(९) अन्य अवस्थामा कर्जा असुली कार्य प्रचलित कानुन बमोजिम हुनेछ।

४६.**वीमा सम्वन्धी व्यवस्था :** (१) किस्तावन्दी कर्जाबाट खरिद गरिने सवारी साधनको अग्नी, हुलदंगा/हडताल, चोरी/डकैंती,आतंकवाद र दुर्घटना, लगायत तेस्रो पक्षको साथै अन्य आवश्यक जोखिम व्यहोरिने गरी नियमानुसार अनिवार्य रूपमा वीमा कम्पनीबाट व्यापक वीमा (Comprehensive Insurance) गराउने जिम्मेवारी सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ [२४]र निर्धारित समयमा बीमा नविकरण नगरिएमा सम्बन्धित कर्मचारीको दरबन्दीबाट रकम कट्टा हुने गरी अनिवार्य रूपमा बीमा नविकरण गरिनेछ।

(२) अन्य सामानहरूको हकमा समेत सन्बन्धित प्रहरी कर्मचारीले आवश्यक्ता अनुसार वीमा गराउन सक्नेछन्।

## परिच्छेद १२
## बिशेष कल्याणकारी कोष

४७.**बिशेष कल्याणकारी कोष :** (१) प्रहरी कर्मचारीलाई सहुलियत ब्याजदरमा कर्जा तथा अनुदान वितरण गर्नको लागि बहालवाला प्रहरी कर्मचारीहरूको तलबबाट मासिक रूपमा निश्चित रकम कट्टा गरी जम्मा भएको रकमबाट "बिशेष कल्याणकारी कोष, २०६९" देखि शुरूवात गरिएको हो। यो कोषलाई कर्मचारीले सेवाबाट अलग हुँदा साँवा र ब्याज एकमुष्ट फिर्ता पाउने गरी अवकाश कोषको रूपमा सञ्चालन गरिएको छ। यस अन्तर्गत सहुलियत कर्जा, घर [२५]खरिद वा निर्माण कर्जा, शैक्षिक कर्जा, औषधोपचार कर्जा/अनुदान तथा मृत्यु राहत अनुदान लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

(२) बिशेष कल्याणकारी कोषको खाता सञ्चालन नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग प्रमुख, कल्याण महाशाखा प्रमुख (कोषको सदस्य-सचिव) र बिशेष कल्याणकारी शाखाका लेखा प्रमुख समेत तीन जना मध्ये कुनै दुईको संयुक्त हस्ताक्षरबाट हुनेछ। यस शाखाको सम्पूर्ण आर्थिक कारोवार बैंक मार्फतमात्र गरिनेछ।

(३) प्रहरी कर्मचारीबाट मासिक रूपमा योगदान वापत रू. १,०००।- (अक्षेरेपि एक हजार) कट्टी भई आउने रकम यस कोषको मूलस्रोत हुनेछ। योगदान रकममा निश्चित प्रतिशत ब्याज उपलव्ध गराई प्रत्येक ६/६ महिनामा ब्याजलाई साँवामा गाभिनेछ।

(४) प्रहरी कर्मचारीको कम्प्युटर कोड अनुसारको अभिलेख सफ्टवेयर मार्फत अलग-अलग रूपमा सुरक्षित राखिनेछ।

(५) प्रहरी कर्मचारीहरू जुनसुकै कारण सेवाबाट अलग हुँदा जम्मा भएको सावाँ-ब्याज रकम एकमुष्ट रूपमा निजको खातामा भुक्तानी दिइनेछ।

(६) बिशेष कल्याणकारी कर्जाहरू मध्ये कुनै एउटा कर्जा सुविधामात्र उपलब्ध हुनेछ।

४८.**कर्जा वितरण मापदण्ड :** बिशेष कल्याणकारी कर्जा कार्यक्रमहरू प्राप्त गर्न देहाय बमोजिमका मापदण्ड पूरा गरी तोकिए बमोजिमका कागजातहरू संलग्न गरी आफूले लिन चाहेको कर्जाको लागि अनुसूची-२० बमोजिमको ढाँचामा निवेदन, अनुसूची -२१ बमोजिमको कर्जा तमसुक भरी अनलाइन मार्फत आवेदन दिनुपर्नेछ।

---

२४ दोस्रो संशोधनद्वारा संशोधित ।

२५ पहिलो संशोधनद्वारा संशोधित।

(१) **सहुलियत कर्जा :** (क) यो कर्जा प्राप्त गर्न प्रहरी कर्मचारीको सेवा अवधि कम्तीमा [२६]५ (पाँच) वर्ष पूरा भएको र २ (दुई) वर्ष सेवा अवधि बाँकी रहेको हुनुपर्नेछ ।

(ख) किस्तावन्दी शाखाबाट चारपाङ्ग्रे सवारी साधन लिएको भएमा सम्पूर्ण साँवा ब्याज भुक्तानी गरिसकेको हुनुपर्नेछ ।

(ग) [२७]बिशेष कल्याणकारी कोषबाट कर्जा सुविधा लिएको भएमा कर्जाको साँवा र व्याज भुक्तान गरिसकेको हुनुपर्नेछ ।

(२) **घर [२८]खरिद वा निर्माण कर्जा :** (क) यो कर्जा प्राप्त गर्न प्रहरी कर्मचारीको सेवा अवधि कम्तिमा १० (दश) वर्ष पूरा भएको र [२९]५ (पाँच) वर्ष सेवा अवधि बाँकी रहेको हुनुपर्नेछ ।

(ख) बिशेष कल्याणकारी कोषबाट कर्जा सुविधा लिएको भएमा कर्जाको साँवा र व्याज भुक्तान गरिसकेको हुनुपर्नेछ ।

(ग) किस्तावन्दी शाखाबाट [३०]कर्जा सुविधा लिएको भएमा सम्पूर्ण साँवा ब्याज भुक्तानी गरिसकेको हुनुपर्नेछ ।

(घ) घर खरिद वा निर्माण गरिने जग्गा प्रहरी कर्मचारी आफ्नै वा श्रीमान/श्रीमतीको नाममा रहेको हुनुपर्नेछ । [३१]घर खरिद कर्जाको लागि खरिद गरेको मितिले ३५ (पैतिस) दिनभित्र दावी गरेमा खरिद रकममा नबढने गरी कर्जा रकम उपलव्ध गराइनेछ ।

(ङ) [३२]श्रीमान् श्रीमती दुवै जना प्रहरी कर्मचारी भएमा कुनै एकलाई मात्र घर खरिद वा निर्माण कर्जा उपलव्ध गराइनेछ ।

(३) **औषधोपचार कर्जा** : (क) यो कर्जा ५ (पाँच) वर्ष पूरा भएको र २ (दुई) वर्ष सेवा अवधि बाँकी रहेका प्रहरी कर्मचारी र [३३]तिनका परिवारलाई उपलव्ध गराइनेछ ।

(ख) किस्तावन्दी शाखाबाट चार पाङ्ग्रे सवारी साधन कर्जा लिएको प्रहरी कर्मचारीले यो कर्जा लिन पाउने छैन ।

[३४](ग) बिशेष कल्याणकारी कोषबाट कर्जा सुविधा लिएको भएमा कर्जाको साँवा र व्याज भुक्तान गरिसकेको हुनुपर्नेछ ।

(४) **शैक्षिक कर्जा** : (क) यो कर्जा १० (दश) वर्ष सेवा अवधि पूरा भएका बहालवाला प्रहरी कर्मचारीका सन्ततिलाई उपलव्ध गराइनेछ ।

(ख) मेडिकल, पाईलट वा अन्य यस्तै प्रकृतिका तुलनात्मक रूपमा ठूलो राशीको अध्ययन लागत लाग्ने शैक्षिक कर्जाको हकमा किस्तावन्दी शाखाबाट सवारी साधन (दुई/चारपाङ्ग्रे),[३५]घरायसी सामान खरिद कर्जा, आकस्मिक सहुलियत कर्जा र कल्याणकारी शाखाबाट कुनै पनि सुविधा लिएको भएमा कर्जाको साँवा र व्याज भुक्तान गरिसकेको हुनुपर्नेछ ।

---

२६ पहिलो संशोधनद्वारा संशोधित ।

२७ पहिलो संशोधनद्वारा थप ।

२८ पहिलो संशोधनद्वारा संशोधित ।

२९ पहिलो संशोधनद्वारा संशोधित ।

३० पहिलो संशोधनद्वारा संशोधित ।

३१ पहिलो संशोधनद्वारा संशोधित ।

३२ दोस्रो संशोधनद्वारा थप ।

३३ पहिलो संशोधनद्वारा संशोधित ।

३४ दोस्रो संशोधनद्वारा थप ।

३५ दोस्रो संशोधनद्वारा संशोधित ।

(ग) CA, ईन्जिनियरिङ, स्टाफ नर्स, कृषि र सूचना प्रविधि शैक्षिक कर्जाको हकमा किस्तावन्दी शाखाबाट चारपाङ्ग्रे सवारी साधन कर्जा र बिशेष कल्याणकारी कोषबाट कुनै पनि कर्जा सुविधा नलिएको हुनु पर्नेछ।

**४९.कल्याणकारी कर्जा कार्यक्रमको विवरण** : बहालवाला प्रहरी कर्मचारीलाई वितरण गरिने कर्जा रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता, कट्टी रकम र अवधि देहाय बमोजिम हुनेछ :-

| क्र.सं | विवरण | | कर्जा रकम | वार्षिक ब्याजदर | किस्ता संख्या | मासिक किस्ता रकम | अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | सहुलियत कर्जा | | [३६]रू. ५ लाख | ६% | ८४ | ७,३०५/- | ७ वर्ष |
| २ | घर खरिद वा निर्माण कर्जा | | [३७]रू.२०लाख | ६% | २४० | १४,३३०/- | २० बर्ष |
| ३ | औषधोपचार कर्जा | (१० लाख भन्दा माथि खर्च हुने) | रू.७ लाख | ५% | ६० | १३,२१०/- | ५ बर्ष |
| | | (५ लाखभन्दा माथि रू. १० लाखसम्म खर्च हुने) | रू. ५ लाख | ५% | ६० | ९,४४०/- | ५ बर्ष |
| ४ | शैक्षिक कर्जा | (मेडिकल/पाइलट वा यस्तै प्रकृतिका अन्य) | रू.१५ लाख | ६% | १२० | १६,६५५/- | १० बर्ष |
| | | (CA,ईन्जिनियरिङ,स्टाफ नर्स, कृषि र सूचना प्रविधि) | रू. ५ लाख | ६% | ६० | ९,६७०/- | ५ बर्ष |

[३८]**टिप्पणी:** नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा बैंकको उपभोक्ता कर्जा निर्देशिका बमोजिम आधार दर (Base Rate) अनुसार कोष सञ्चालक समितिले कर्जाहरूको ब्याजदर समय सापेक्ष परिमार्जन गर्न सक्नेछ।

**५०.कर्जा उपलब्ध गराउने प्रक्रिया :** विशेष कल्याणकारी कोषबाट वितरण गरिने कर्जा प्रवाह कार्यलाई सरल, व्यवस्थित एवं प्रभावकारी बनाउन एकीकृत सफ्टवेयर मार्फत देहाय बमोजिम गर्नु पर्नेछ।

(१) कर्जा माग गर्ने प्रहरी कर्मचारीले लिन चाहेको कर्जाको लागि आवश्यक कागजात तोकिए बमोजिमको ढाँचामा निवेदन र कर्जा तमसुक फारम भरी Integrated Police Welfare Information System मा अनलाइन आवेदन दिनुपर्नेछ।

(२) सम्वन्धित कर्मचारीको दरवन्दी कार्यालयको लेखा शाखाले रूजु गरी प्राप्त भएको अनलाईन आवेदन स्वीकृत गर्नु पर्नेछ।

(३) कर्जाको लागि सम्वन्धित प्रहरी कर्मचारीबाट सफ्टवेयरमा प्राप्त भएका निवेदन सहितका कागजात लेखा शाखाले रूजु गरी बिशेष कल्याणकारी कोषमा पठाउनु पर्नेछ।

(४) बिशेष कल्याणकारी शाखाले प्राप्त कागजात रूजु गरी कर्जा स्वीकृतिको लागि प्रक्रिया अगाडी बढाउनु पर्नेछ।

(५) कर्जा स्वीकृत भए पश्चात सम्बन्धित कर्मचारीको खाता मार्फत कर्जा निकासा दिने र मासिक किस्ता संकलनको लागि सम्बन्धित प्रहरी कार्यालयलाई कर्जा सम्बन्धी पत्राचार गर्नु पर्नेछ।

(६) सम्बन्धित लेखा शाखाले ऋणीको कर्जा बाँकी रहे/नरहेको, नियमित किस्ता कट्टी भए/नभएको सम्वन्धमा एकिन गरी मासिक कट्टी रकम नियमित गराउनु पर्नेछ।

**५१.कर्जा प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरू** : मापदण्ड पूरा गरेका प्रहरी कर्मचारीहरूले बिशेष कल्याणकारी कर्जा प्राप्त गर्न तोकिए बमोजिको ढाँचामा निवेदन र कर्जा तमसुक सहित देहाय बमोजिका कागजातहरू पेश गर्नुपर्नेछ।

**(क) सहुलियत कर्जा:** तोकिए बमोजिको ढाँचामा निवेदन र कर्जा तमसुक।

---

३६ पहिलो संशोधनद्वारा संशोधित।

३७ पहिलो संशोधनद्वारा संशोधित।

३८ पहिलो संशोधनद्वारा संशोधित।

**(ख) घर खरिद वा निर्माण कर्जा : (१) घर निमार्णतर्फ :** जग्गाधनी प्रमाणपूर्जा, जग्गा श्रीमान/श्रीमतीको नाममा भए नाता खुल्ने कागजात,घर-नक्सा पास र राजस्व तिरेको रसिद, स्थायी इजाजत-पत्र, प्लिन्थ (Plinth) लेभलसम्म निर्माण गरेको फोटो तथा तला थपको हकमा निर्माण इजाजत नविकरण र राजस्व तिरेको रसिद र घर बीमालेखको प्रतिलिपि ।

**(२)** [३९]**घर खरिदतर्फ** : जग्गाधनी प्रमाण पूर्जा, रजिष्ट्रेशन पास, घर श्रीमान/श्रीमतीको नाममा खरिद गरेको भए नाता खुल्ने कागजात, निर्माण सम्पन्न प्रमाण पत्र, सम्पत्ति कर तिरेको रसिद र घर बीमालेखको प्रतिलिपि ।

**(ग) औषधोपचार कर्जा** : नेपाल प्रहरी अस्पताल मेडिकल वोर्डको सिफारिस पत्र, उपचारमा लाग्ने अनुमानित खर्च रकम खुल्ने कागजात, परिवारको हकमा नाता खुल्ने कागजात, नागरिकताको प्रमाणपत्र, विवाह दर्ता वा जन्म दर्ताको प्रतिलिपि ।

**(घ) शैक्षिक कर्जा:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट + २ वा सो सरह उर्तिण भएको शैक्षिक प्रमाण पत्र, तोकिएको विषयमा भर्ना भएको खुल्ने कागजात, अध्ययन शूल्क खुल्ने कागजात, सन्नततिको नागरिकता/नाता प्रमाणित वा जन्मदर्ताकोप्रतिलिपि ।

**५२. कर्जा सुरक्षण** : बिशेष कल्याणकारी कोष अन्तर्गत प्रवाह गरिएका विभिन्न कर्जाहरूका कागजातको सुरक्षण देहाय बमोजिम गर्नु पर्नेछ :-

(१) तलव खर्च लेख्ने सम्वन्धित लेखा शाखाले कट्टी गरेको मासिक किस्ता रकम तोकिएको बैंक खातामा जम्मा गरी Integrated Police Welfare Information System मा प्रविष्ट गर्नुपर्नेछ । साथै सम्बन्धित कार्यालयको लेखा शाखाले सक्कलै कागजातहरू माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ राख्नुपर्नेछ ।

(२) प्रहरी कार्यालय बाहेकका अन्य कार्यालय (अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति सुद्धिकरण विभाग, पर्यटक प्रहरी लगायत) बाट तलब भत्ता खाने प्रहरी कर्मचारीको हकमा ऋणी प्रहरी कर्मचारी स्वयमले जिम्मेवारीपूर्वक किस्ता रकम, फाँटवारी तथा भौचर सुरक्षित माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्नेछ ।

(३) प्रहरी कर्मचारी कर्जा चुक्ता हुनु अगावै जुनसुकै कारणले सेवाबाट अलग भएमा बाँकी रकम असुल उपर भएपछि मात्र फरफारक (Clearance Letter) दिइनेछ ।

(४) प्रहरी कर्मचारीले कर्जा चुक्ता नहुँदै नोकरी छोडी सम्पर्कमा नआएमा निजको घर ठेगानामा पत्राचार गरी कानुन बमोजिम असुल उपर गरिनेछ ।

(५) प्रहरी कर्मचारीको कर्जा चुक्ता नहुँदै मृत्यु भएमा कोष तथा अन्य सेवा सुविधा लगायतको रकमबाट असुल गरिनेछ । सोबाट अपुग भएमा कानुन बमोजिम असुल उपर गरिनेछ ।

(६) ऋणी प्रहरी कर्मचारीले किस्ता वापतको रकम तोकिएको अवधि अगावै भुक्तानी गर्न चाहेमा साँवा र ब्याज एकैपटक भुक्तानी गर्न सक्नेछ ।

(७) प्रहरी कर्मचारीको ब्यक्तिगत लापरवाहीका कारण कर्जा असुली समयमै हुन नसकेमा निजलाई नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरिनेछ ।

---

३९ पहिलो संशोधनद्वारा थप ।

(८) ऋणी प्रहरी कर्मचारीको मृत्यु भएको अवस्थामा कर्जाको सुरक्षण र ऋणी प्रहरी कर्मचारीको परिवारको लागि आवश्यकता अनुसार इच्छुक प्रहरी कर्मचारीले प्रिमियम तिर्ने गरी आवधिक जीवन बीमाको व्यवस्था गर्न सकिनेछ।

(९) अन्य अवस्थामा कानुन बमोजिम असुल उपर गरिनेछ।

[४०]**५२ क. बीमा सम्बन्धी व्यवस्था** : घर खरिद वा निर्माण कर्जाबाट खरिद तथा निर्माण गरिने घरको भूकम्प, आगलागी, बिष्फोटन, बाढी तथा डुवान, हुलदंङ्गा तथा आतंकबाद, अन्य प्राकृतिक विपद् लगायतका जोखिमबाट हुने क्षतिको अनिवार्य रूपमा प्रत्येक बर्ष बीमा कम्पनीबाट व्यापक बीमा (Comprehensive Insurance) गराई कागजात सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ र निर्धारित समयमा बीमा नविकरण नगरिएमा सम्बन्धित कर्मचारीको दरबन्दीबाट रकम कट्टा हुने गरी अनिवार्य रूपमा बीमा नविकरण गरिनेछ।

**५३.<u>औषधोपचार अनुदान</u> :** (१) [४१]गम्भीर प्रकृतिका रोग लागेका र Diabetes वा Hypertension को कारणबाट वा कर्तव्य पालनाको सिलसिलामा आँखामा चोट पटक लागेर अन्धोपन भएका बहालवाला प्रहरी कर्मचारीलाई नेपाल प्रहरी अस्पतालबाट गठित मेडिकल बोर्डको सिफारिसमा एक पटकको लागि रू. १,००,०००।- (अक्षेरेपि एक लाख) र प्रहरी कर्मचारीको श्रीमान/श्रीमतीलाई रू.२,००,०००।- (अक्षेरेपि दुई लाख) औषधोपचार अनुदान दिइनेछ।

(२) औषधोपचार अनुदान प्राप्त गर्न देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ :-

(क) प्रहरी कर्मचारीले कल्याण महाशाखा वा नेपाल प्रहरी अस्पतामा निवेदन दिनुपर्नेछ।

(ख) नेपाल प्रहरी अस्पतालबाट गठित मेडिकल बोर्डद्वारा कर्मचारीलाई गम्भिर रोग लागेको निर्णय सहितको सिफारिस पत्र।

(ग) प्रहरी कर्मचारीको नागरिकताको प्रमाण पत्र, तिनपुस्ते अभिलेख, परिचय-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(घ) कर्मचारीको श्रीमान/श्रीमतीको हकमा नाता खुल्ने कागजात र नागरिकताको प्रतिलिपि।

(ङ) तोकिएका कागजातको आधारमा अनुदान रकम उपलव्ध गराइनेछ।

**५४.<u>मृत्यु राहत अनुदान</u> :** (१) प्रहरी कर्मचारीको जुनसुकै कारणबाट मृत्यु भएमा निजको हकवालालाई राहत स्वरूप निज प्रहरी कर्मचारीबाट कट्टी भएको योगदान रकमको साँवा र ब्याजमा थप गरी रू.३,००,०००।- (अक्षेरेपि तीन लाख) सम्म नगद अनुदान दिइनेछ।

(२) मृत्यु राहत अनुदान प्राप्त गर्न देहाय बमोजिम कागजातहरू पेश गर्नुपर्नेछ :-

(क) मृतक प्रहरी कर्मचारीको हकवालाको निवेदन।

(ख) सम्वन्धित कार्यालयको प्रहरी कर्मचारीको मृत्यु खाली गरेको पत्र।

(ग) मृत्यु दर्ता प्रमाण पत्र, मृतक तथा हकवालाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(घ) हकवाला श्रीमान/श्रीमती भएमा विवाह दर्ताको प्रतिलिपि तथा श्रीमान्/श्रीमतीको सम्वन्धमा स्थानीय निकायको सिफारीस पत्र।

(ङ) हकवाला श्रीमान/श्रीमती बाहेक अन्य भएमा नजिकको हकवालासँगको नाता खुल्ने कागजात।

(च) तोकिएका कागजातको आधारमा अनुदान रकम उपलव्ध गराइनेछ।

---

४० दोस्रो संशोधनद्वारा थप।

४१ दोस्रो संशोधनद्वारा संशोधित

## परिच्छेद १३
## बैठक/ तालिम/ समारोह/अनुगमन/भ्रमण

५५.**बैठक/तालिम/समारोह/अनुगमन/भ्रमण** : प्रहरी कल्याण कोषबाट सञ्चालित सेवामूलक/आयमूलक कार्यक्रम र एफ.पि.यु. मिसनको अनुगमन भ्रमण, निरीक्षण तथा कल्याण कोषको हितमा नेपाल प्रहरी वा सञ्चालक समितिको तर्फबाट स्वदेशमा वा विदेशमा सहभागी हुनुपर्ने कार्यक्रममा सहभागिता जनाउँदा लाग्ने सम्पूर्ण खर्च प्रहरी कल्याण कोषबाट गरिनेछ।

(१) प्रहरी कल्याण कोषबाट खर्च व्यहोर्ने गरी वैदेशिक तालिम, सभा समारोहमा सहभागी हुँदा तथा अनुगमन भ्रमण गर्दा अनिवार्य रूपमा सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ। स्वदेशको हकमा कल्याण महाशाखा प्रमुखको स्वीकृतिमा गर्न सकिनेछ।

(२) भ्रमण गर्ने पदाधिकारी/कर्मचारीलाई उपलब्ध गराउने सुविधा सम्बन्धमा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ।

(३) प्रहरी कल्याण कोषको खर्चमा भ्रमण गर्ने पदाधिकारी/कर्मचारीले भ्रमण पश्चात १५ दिनभित्र कल्याण महाशाखामा भ्रमणको उद्देश्य सहित प्रतिवेदन बुझाउनु पर्नेछ।

(४) कोषको सञ्चालक समितिको बैठक बसेको दिन समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रितलाई नियमानुसार बैठक भत्ता उपलव्ध गराइनेछ तर कार्यालय समयमा बसेको बैठकको बैठक भत्ता उपलब्ध गराइने छैन।

(५) [४२]कोषद्वारा सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता समिक्षा, भावी कार्यक्रमहरूको योजना निर्माण तथा बहालवाला र अवकाश प्राप्त प्रहरी कर्मचारी बीच भातृत्वभाव विकास गर्ने उद्देश्यले पूर्व प्रहरी कर्मचारीहरूको सम्मेलन गर्न सकिनेछ।

## परिच्छेद १४
## परामर्श सेवा तथा करार कर्मचारी नियुक्ति

५६.**परामर्श सेवा तथा करार कर्मचारी नियुक्ति** : प्रहरी कल्याण कोष तथा कोषबाट सञ्चालित सेवामूलक/आयमूलक कार्यक्रमको लागि आवश्यक पर्ने परामर्श सेवा तथा अन्य कर्मचारी देहाय अनुसार करार सेवामा राख्न सकिनेछ।

(१) परामर्श सेवा तथा करार सेवाका कर्मचारीको आवश्यकताको पहिचान भए पश्चात प्रहरी कल्याण कोष सञ्चालक समितिको स्वीकृतिमा प्रचलित कानुन बमोजिम नियुक्ति गरिनेछ।

(२) परामर्श सेवा तथा अन्य कर्मचारीको पारिश्रमिक र सेवा सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

(३) करार सेवामा नियुक्त गरिएका कर्मचारीलाई देहाय बमोजिमको दैनिक भ्रमण खर्च उपलव्ध गराउन सकिनेछ।

| सि.नं | पद | भ्रमण खर्च |
|---|---|---|
| (क) | विज्ञ/सल्लाहकार/समन्वय अधिकारी | रू.१,६००।- |
| (ख) | अन्य कर्मचारी | रू.१,२००।- |

४२ पहिलो संशोधनद्वारा थप।

## परिच्छेद १५

## राहत सामान

५७.**राहत सामान** : सेवामा रहँदाको अवस्थामा सशस्त्र मुठभेड, आतंककारी विरूद्धको कारवाही, सवारी दुर्घटनामा घाइते भई वा अन्य रोग आदिबाट अशक्त भएका बहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारीहरूका लागि आवश्यकता अनुसार चारपाङ्ग्रे स्कुटर, कृत्रिम अंग (हातगोडा, पञ्जा तथा औंला लगायत) र श्रवण यन्त्र नि:शूल्क उपलब्ध गराइनेछ।

[४३]**५७ क.** राहत सुविधा उपलव्ध गराउँदा १२५ सि.सि.सम्मको चारपाङ्ग्रे स्कुटर वा सो सरह मूल्यको कुनै एक राहत सामान एक पटकका लागिमात्र उपलब्ध गराईनेछ।

५८.**राहत सामान वितरण प्रक्रिया :** (१) अशक्त प्रहरी कर्मचारीको तथ्याङ्क संकलन गरी राहत सामान वितरणका लागि नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाबाट राहत सामान सिफारिस बोर्ड गठन गरिनेछ।

(२) हात खुट्टा नभएको/काटिएको लगायत प्रष्ट देखिने अशक्त प्रहरी कर्मचारीको हकमा यसै बोर्डको सिफारिस तथा नेपाल सरकार/स्थानीय निकायबाट जारी गरिएको अशक्तताको प्रमाण पत्रको आधारमा राहत सामान (चारपाङ्ग्रे स्कुटर, कृत्रिम अंग) उपलब्ध गराइनेछ।

(३) अन्य अशक्त प्रहरी कर्मचारीको हकमा नेपाल प्रहरी अस्पताल मेडिकल वोर्डको निर्णय सहितको सिफारिस समितिको अशक्तता सिफारिस पत्र बमोजिम राहत सामान उपलब्ध गराइनेछ।

(४) अशक्त राहत सामान प्राप्त गर्न प्रहरी कर्मचारीले कल्याण महाशाखा वा प्रहरी अस्पतालमा निवेदन दिन सक्नेछ।

(५) राहत सामान सिफारिस बोर्ड देहाय बमोजिम रहनेछ ;-

| | |
|---|---|
| (क) प्रहरी उपरीक्षक | नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा |
| (ख) प्रहरी नायव उपरीक्षक | नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग |
| (ग) प्रहरी नायव उपरीक्षक | नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज (चिकित्सक) |

(६) राहत सामान सिफारिस बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अशक्त प्रहरी कर्मचारीको तथ्याङ्क संकलन गरी अभिलेख अद्यावधिक गर्ने।

(ख) अशक्त प्रहरी कर्मचारीले राहत सामानको लागि निवेदनसाथ पेश गरेका कागजात रूजु गर्ने।

(ग) हात खुट्टा नभएको/काटिएको लगायत प्रष्ट देखिने अशक्त प्रहरी कर्मचारीलाई राहत सामान वितरण गर्न सिफारिस गर्ने।

(घ) अशक्तता प्रष्ट नदेखिनेको हकमा नेपाल प्रहरी अस्पताललाई पत्रचार गरी मेडिकल वोर्डको निर्णय सहितको सिफारिस पत्र माग गर्ने।

## परिच्छेद १६

## विविध

५९. **साहसिक/उत्कृष्ट पुरस्कार** : प्रहरी कल्याण कोष वा कोष मार्फत स्थापित (योगेन्द्र स्मृती साहसिक पुरस्कार, छात्रवृत्ति अक्षय कोष लगायत अन्य) र भविष्यमा स्थापना हुने अक्षय कोषबाट प्राप्त व्याज रकमबाट सम्वन्धित कार्यालय वा गठित समितिको सिफारिस बमोजिम पुरस्कार प्रदान गरिनेछ।

४३ दोस्रो संशोधनद्वारा थप।

६०.**विद्युतीय प्रणालीको प्रयोग** : प्रहरी कल्याण कोषबाट प्रदान गरिने सेवा सुविधा तथा कोष सञ्चालनको लागि विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ।

६१. **कर्जा सुविधाको लागि अयोग्य हुने** : कुनै प्रहरी कर्मचारीलाई निलम्बन तथा बर्खास्त हुन सक्ने गरी विभागीय कारवाही प्रक्रिया शुरू भएमा किनारा नलागेसम्म प्रहरी कल्याण कोष अन्तर्गत प्राप्त हुने कुनै पनि कर्जा प्रदान गरिने छैन।

६२.**कर्जा सुविधाको दुरूपयोग गरेमा कारवाही हुने** : प्रहरी कर्मचारीले प्रहरी कल्याण कोष अन्तर्गत प्राप्त गरेको कर्जा सुविधाको रकम तोकिएको प्रयोजन बाहेक दुरूपयोग गरेको पाइएमा विभागीय तथा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

६३. **कोषको सम्पत्तिको अभिलेख तथा संरक्षणः :** (१) कोषमा रहेका खप्ने माल सामानको नाम, कम्पनी, मोडल, खरिद मिति,मूल्य लगायतका विवरण स्पष्ट उल्लेख गरी प्रचलित आर्थिक प्रशासन प्रणाली अनुसार अभिलेख खडा गरी अद्यावधिक गर्नु पर्नेछ।

(२) कोषको नाममा रहेको घर जग्गाको आदिको अभिलेख दुरूस्त राख्नुपर्नेछ। तयार गरिएको अभिलेखको एकप्रति कल्याण महाशाखामा राख्नुपर्नेछ।

(३) कोषको जिन्सी माल सामान र सम्पत्तिको उचित सम्भार गरी हानी नोक्सानी नहुने गरी चालू अवस्थामा राख्ने दायित्व खर्च गर्ने निकाय प्रमुखको हुनेछ।

(४) कल्याण महाशाखा प्रमुखले प्रहरी कल्याण कोषको अभिलेखमा रहेका सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा बर्षमा कम्तिमा एकपटक तोकिए बमोजिम जिन्सी निरीक्षण गराइ जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्नेछ।

(५) प्रतिवेदनमा बेसावुत देखिई लिलाम गर्नुपर्ने भनी कार्यालय प्रमुखले ठहऱ्याएका माल सामान प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सोबाट प्राप्त रकम कोषमा जम्मा गर्नुपर्नेछ।

६४.**बरबुझारथ** : कुनै प्रहरी कर्मचारी सरूवा, बढुवा, अवकाश वा अन्य कुनै कारणले कार्यरत कार्यालय वा शाखा छाडी जाँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान र सोसँग सम्वन्धित श्रेष्ता बरबुझारथ गरी जानुपर्नेछ। सोको एक प्रति कल्याण महाशाखामा बुझाउनु पर्नेछ।

६५.**अधिकार प्रत्यायोजन** : प्रहरी कल्याण कोष सञ्चालक समितिको कुनै अधिकार आवश्यकता अनुसार कल्याण महाशाखालाई प्रत्यायोजन गर्न सकिनेछ।

६६.**कार्यविधिको संशोधन तथा परिमार्जन** : (१) प्रहरी कल्याण कोष अन्तर्गतका सम्पूर्ण कार्यक्रम यसै कार्यविधि अनुसार सञ्चालन गरिनेछ।

(२) प्रहरी कल्याण कोषबाट सम्पादन गरिने कार्यलाई समयानुकूल सरल, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता र औचित्यताको आधारमा सञ्चालक समितिले कार्यविधि संशोधन वा परिमार्जन गर्न सक्नेछ।

(३) कार्यविधिमा नसमेटिएका विषयहरू सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ।

६७.**<u>मापदण्ड, निर्देशिका र विनियम वनाउने अधिकार</u>** **:** प्रहरी कल्याण कोष अन्तर्गत सञ्चालित विभिन्न आयमूलक तथा सेवामूलक कार्यक्रम सञ्चालन गर्नको लागि यस कार्यविधिको अधिनमा रही मापदण्ड, निर्देशिका र विनियम आवश्यकता अनुसार बनाउन सक्नेछ।

६८.**<u>प्रचलित कानुन बमोजिम हुने :</u>** यस कार्यविधिमा उल्लेखित प्रावधानहरू प्रचलित ऐन कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ।

६९.**<u>खारेजी र बचाउ</u> :** प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि,२०७१ (संशोधन सहित) खारेज गरिएको छ। प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि,२०७१ (संशोधन सहित) बमोजिम भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची – १

### (फिल्म सुटिंङ सम्बन्धि सुबिधाहरू)

### (दफा ८ उपदफा (१५)  सँग सम्बन्धित)

| सि.नं. | बिवरण | | अवधि | सेवा शुल्क रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यालय भवन ग्राउण्ड | | १ देखि ३ घण्टा | ८,०००।- | |
| २. | सवारी साधन | | प्रति घण्टा | ६,०००।- | |
| ३. | मेसिनरी वाकिटकी प्रतिसेट | | प्रति घण्टा | २,५००।- | |
| ४. | घोडा | | प्रति घण्टा | २,५००।- | |
| ५. | कुकुर | | प्रति घण्टा | ५,०००।- | |
| ६. | अन्य सामान ( हतियार बाहेक) | | १ देखि ३ घण्टा | १,०००।- | प्रति आईटम |
| ७. | समारोह स्थल | | १ घण्टा | ७,०००।- | |
| ८. | हतियार (कर्मचारी सहित) | | प्रतिघण्टा र गोटा | ५,०००।- | |
| ९. | मोटरवोट | | प्रति घण्टा | ५,०००।- | |

# अनुसूची - २

## (दफा १२ उपदफा (४) को खण्ड (क) सँग सम्बन्धित)

## Ranking of Bank

| S. N | Weightage | 60% | | 1% | | 2% | | 1% | | 7% | | 10% | | 10% | | 1% | | 7% | | 1% | | 100% | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Bank Name | F.D. interest rate | Rank 1 | Minimum Deposit | Rank 2 | Interest Payment Frequency | Rank 3 | Premature Withdrawn Penalty | Rank 4 | Capital Fund to RWA | Rank 5 | C/D Ratio | Rank 6 | Liquidity | Rank 7 | 3 yrs profit | Rank 8 | NPL | Rank 9 | Punishment by NRB | Rank 10 | Weighted Point | Final Rank |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची -३

## (दफा १२ उपदफा (४) को खण्ड (ख) सँग सम्बन्धित)

## Maximum Limit Calculation

| S. N. | Bank Name | Total Deposit accepted by bank | 0.25% of total Deposit of respective Bank | Total investment made by Police Welfare Fund in F.D | 15% of total investment made by Police Welfare Fund in F.D | Max Allowed Limit |
|---|---|---|---|---|---|---|
| | | | | | | |

# अनुसूची-४

## (दफा १२ को उपदफा (४) को खण्ड (ग)  सँग सम्बन्धित)

## Investment Summary Sheet

| S.N. | Rank | Bank Name | Max allowed limit |
|---|---|---|---|
| | | | |

## अनुसूची-५

**(दफा १२ को उपदफा ५ सँग सम्बन्धित)**

**प्रहरी कल्याण कोषको मुद्धती निक्षेप लगानी सम्बन्धी सूचना**

(मिति २०..../...../..... गतेको ...................मा प्रकाशित)

यस कोषले रू. ................. (अक्षरेपी रू. ......................................) नेपाल राष्ट्र बैंकबाट “क” वर्गका इजाजतपत्र प्राप्त बैंक तथा वित्तिय संस्थामा ........ वर्षे/महिने मुद्धती निक्षेपमा लगानी गर्न इच्छुक भएकोले उक्त बैंक तथा वित्तिय संस्थाहरूबाट आफुले लिन चाहेको रकम, व्याजदर र व्याज भुक्तानी गर्ने समयावधी उल्लेख गरी मिति २०.../..../..... गते दिउँसो .... बजेभित्र सिलवन्दी प्रस्ताव बुझाउन आव्हान गरिएको छ। विस्तृत विवरण नेपाल प्रहरीको वेवसाईट WWW.nepalpolice.gov.np मा उपलव्ध रहेको व्यहोरा अनुरोध छ।

कल्याण महाशाखा

नेपाल प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौं

**अनुसूची-६**
**(दफा १२ को उपदफा ५ सँग सम्बन्धित)**
**शिलबन्दी कोटेशन फारम**

मितिः .........................

श्रीमान् महाशाखा प्रमुखज्यू,
नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा,
नक्साल, काठमाडौ ।

**मुद्धती निक्षेपमा लगानी सम्बन्धी शिलवन्दी ।**

महोदय,

नेपाल प्रहरी कल्याण कोषको मिति ................................ को प्रस्ताव आह्वान बमोजिम बैंकले त्यस कोषको लगानी नीति अनुसार देहाय बमोजिमको शर्तमा रू. ................................ (अक्षरेपी .................................................) निक्षेप स्वीकार गर्न इच्छुक भएकोले यो दरभाउपत्र पेश गरेका छौं ।

१) शर्तहरूः
क) प्रस्तावित व्याजदरः ................
ख) व्याज भुक्तानी गर्ने अवधिः .....................

२) यस बैंकको वित्तिय विवरण देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| **क्र.सं.** | **वित्तीय विवरण** | **गत आर्थिक वर्ष २०.../..../... को वित्तीय विवरण** | **गत .......... मसान्तको वित्तीय विवरण** |
|---|---|---|---|
| १. | कल्याण कोषमा रहेको निक्षेप/कुल निक्षेप अनुपात (प्रतिशतमा) | | |
| २. | संस्थागत निक्षेप/ कुल निक्षेप अनुपात (प्रतिशतमा) | | |
| ३. | निष्कृय कर्जा (प्रतिशतमा) | | |
| ४. | खुद तरल सम्पत्ति स्वेदशी निक्षेपको प्रतिशत | | |
| ५. | कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पुँजी अनुपात (प्रतिशतमा) | | |
| ६. | जगेडा कोष र चुक्ता पुँजी रू. | | |
| ७. | खुद सञ्चालन मुनाफा रू. | | |
| ८. | प्रति शेयर नेटवर्थ रू. | | |
| ९. | कोषको नाममा रहेको हालसम्मको निक्षेप रकम रू. | | |
| १०. | प्राथमिक पुँजी अनुपात | | |
| ११. | पुँजी कोष अनुपात | | |

नोटः सम्पुर्ण विवरण नभरेको कोटेशन बोलकबोल प्रक्रियामा समावेश गरिने छैन ।

बैंकको आधिकारिक पदाधिकारीको
दस्तखत................................ :
नाम..................................... :
पद....................................... :
सम्पर्क मोवाइल नं.

बैंकको नाम-:
बैंकको ठेगाना-:
बैंकको छाप-:
इमेल ठेगाना

## अनुसूची - ७

**(दफा १२ को उपदफा ६ सँग सम्बन्धित)**

**सिलबन्दी प्रस्तावहरू खोलिएको विवरण**

मिति २०......./..../.... गतेको ...........मा प्रकाशित सूचना बमोजिम मिति २० ../.../.... गते दिउँसो ... बजेसम्म कोषमा दर्ता भएका निम्न बमोजिमका .... वटा मुद्धती निक्षेपको लागि प्राप्त सिलबन्दी प्रस्तावहरू मिति २०..../.../... गते कोषका निम्न पदाधिकारीहरूको रोहवरमा खोल्ने कार्य सम्पन्न भयो ।

| क्र.सं. | संस्थाको नाम | सिलबन्दी आवेदन प्रस्ताव प्राप्त मिति | दर्ता नं. | खामवन्दी विवरण |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

**उपस्थित व्यक्तिहरूको हस्ताक्षर:**

१. ..........................................................................

२. ..........................................................................

३. ..........................................................................

४. ..........................................................................

.........................
**लेखा प्रमुख**

.........................
**महाशाखा प्रमुख**

## अनुसूची-८
## (दफा २७ को उपदफा (१) सँग सम्वन्धित)
## जेहेन्दार छात्रवृत्ति कोटा
## (जुनियर प्रहरी अधिकृतका सन्ततिको लागि)

| सि.नं | विवरण | कक्षा | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ६ | ७ | ८ | ९ | १० | |
| १. | ने. प्र.प्र.का. मातहत | २ | २ | २ | २ | २ | १० |
| २. | काठमाडौं उपत्यका | २ | २ | २ | २ | २ | १० |
| ३. | कोशी प्रदेश | २ | २ | २ | २ | २ | १० |
| ४. | मधेश प्रदेश | २ | २ | २ | २ | २ | १० |
| ५. | वागमती प्रदेश | २ | २ | २ | २ | २ | १० |
| ६. | गण्डकी प्रदेश | २ | २ | २ | २ | २ | १० |
| ७. | लुम्विन प्रदेश | २ | २ | २ | २ | २ | १० |
| ८. | कर्णाली प्रदेश | २ | २ | २ | २ | २ | १० |
| ९. | सुदूरपश्चिम प्रदेश | २ | २ | २ | २ | २ | १० |
| १०. | नेपाल पुलिस स्कुल सबै | २ | २ | २ | २ | २ | १० |
| **कूल जम्मा** | | **२०** | **२०** | **२०** | **२०** | **२०** | **१००** |

**अनुसूची- ८ क .**

**(दफा २७ को उपदफा (२) सँग सम्वन्धित)**

**जेहेन्दार छात्रवृत्ति कोटा**

**(प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी वरिष्ठ हवल्दारका सन्ततिको लागि )**

| सि.नं. | विवरण | कक्षा | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ६ | ७ | ८ | ९ | १० | |
| १. | ने.प्र.प्र.का. मातहत | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २. | काठमाडौं उपत्यका | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ३. | कोशी प्रदेश | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ४. | मधेश प्रदेश | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ५. | वागमती प्रदेश | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ६. | गण्डकी प्रदेश | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ७. | लुम्विनी प्रदेश | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ८. | कर्णाली प्रदेश | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ९. | सुदूरपश्चिम प्रदेश | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १०. | नेपाल पुलिस स्कुल सबै | ५ | ५ | ५ | ५ | ५ | २५ |
| **कूल जम्मा** | | **५०** | **५०** | **५०** | **५०** | **५०** | **२५०** |

अनुसूची-९

(दफा ३१ को उपदफा (२) सँग सम्वन्धित)

**शैक्षिकवृत्ति/अशक्त/जेहेन्दार/उच्चशिक्षा/प्रोत्साहन**

**छात्रवृत्ति निवेदन**

**(खण्ड-क निवेदकले भर्ने)**

| विद्यार्थीको पासपोर्ट साइजको फोटो |
|---|

श्री नेपाल प्रहरी प्रधान कार्यालय,
कल्याण महाशाखा नक्साल, काठमाडौं।

मार्फत...............................................

**विषयः** शैक्षिकवृत्ति/छात्रवृत्ति उपलब्ध गराई पाउँ भन्ने सम्बन्धमा।

प्रस्तुत विषयमा प्रहरी कल्याण कोषद्वारा.....................प्रहरीका सन्ततिलाई अध्ययन गर्न कक्षा......देखि........सम्म प्रदान गरिने शैक्षिकवृत्ति/ अशक्त छात्रवृत्ति/.................को परीक्षामा उच्च अंक प्राप्त गरी जेहेन्दार/उच्चशिक्षा/उच्चशिक्षा प्रोत्साहन/IPTF छात्रवृत्ति कोटामा छनोट भएको हुँदा शैक्षिकवृत्ति/ छात्रवृत्ति उपलब्ध गराई पाउन तपशिल बमोजिमको आवश्यक विवरणहरू सहित यो निवेदन गरेको छु।

(१) **विद्यार्थीको विवरणः**

| | | |
|---|---|---|
| (क) | विद्यार्थीको नाम | |
| (ग) | जन्म मिति | |
| (घ) | अध्ययनरत विद्यालय | |
| (ङ) | अध्ययनरत कक्षाः | |
| (च) | आमा/ बावुको नामः | |
| (छ) | बाजेको नाम थर | |

(२) **प्रहरी कर्मचारीको विवरणः**

| | | |
|---|---|---|
| (क) | नाम,थर | |
| (ख) | दर्जा | |
| (ग) | कम्प्यूटर कोड | |
| (घ) | दरवन्दी | |
| (ङ) | कार्यरत कार्यालय | |
| (च) | स्थायी ठेगाना | |
| (छ) | अस्थायी ठेगाना | |
| (ज) | सम्पर्क फोन नम्वर | |

**नोटः** अवकाश प्राप्त, अमर/सहिद अशक्त कर्मचारीको हकमा अवकाश हुँदाको दर्जा र कार्यालय उल्लेख गर्ने)

(३) **निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) विद्यार्थीको जन्मदर्ता/ नागरिकता र नाता प्रमाणित पत्रको प्रतिलिपि।

(ख) अध्ययनरत विद्यालय/कलेजको सिफारिस पत्र।

(ग) लब्ध्याङ्क पत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

(घ) सम्वन्धित विद्यार्थीको २ प्रति फोटो ।

(ङ) बहालवाला कर्मचारीका सन्ततिको हकमा कार्यरत प्रहरी कार्यालयको सिफारिस पत्र ।

(च) अमर/सहिद, अशक्त तथा अवकाश प्राप्त प्रहरी कर्मचारीका सन्ततिको हकमा अभिभावकको निवृत्तिभरण अधिकार पत्र, अमर/सहिद, अशक्त खुल्ने कागजात र नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(छ) उच्चशिक्षा प्रोत्साहन छात्रवृत्तिको हकमा शिक्षा मन्त्रालय, चिकित्सा शिक्षा आयोग वा नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट छात्रवृत्तिमा छनोट भएको प्रमाण कागजात

(४) माथि उल्लेखित सम्पूर्ण विवरणहरू ठिक साँचो छन् भनी सहीछाप गर्दछु ।

**निवेदकः**

दस्तखत

नामथर

ठेगाना

मिति

| दाँया | वाँया |
|---|---|
| | |

**(खण्ड-ख कल्याण महाशाखाले भर्ने)**

(५) निवेदक..................................ले शैक्षिकवृत्ति/अशक्त छात्रवृत्ति/जेहेन्दार/उच्चशिक्षा/प्रोत्साहन छात्रवृत्ति पाउन पेश गर्नु भएको निवेदन साथ संलग्न कागजातहरूको अधारमा उल्लेख गरिएका विवरण ठीक भएको ब्यहोरा अनुरोध गरिएको छ ।

| **अभिलेख रूजु गर्ने फाँटवालाः** | | |
|---|---|---|
| (क) | नाम, थर | |
| (ख) | दर्जा | |
| (ग) | कम्प्यूटर कोड | |
| (घ) | दस्तखत | |
| (ङ) | मिति | |

**(खण्ड :ग स्वीकृत गर्ने अधिकारी)**

(६) शैक्षिकवृत्ति/अशक्त छात्रवृत्ति/ जेहेन्दार/उच्चशिक्षा/प्रोत्साहन छात्रवृत्ति स्वीकृत गर्नेः

| **ने.प्र.प्र.का.कल्याण महाशाखा प्रमुख (प्र.व.उ.) / प्र.उ./प्र.ना.उ./प्र.निः** | | | |
|---|---|---|---|
| (क) | नाम, थर | | |
| (ख) | दर्जा | | |
| (ग) | कम्प्यूटर कोड | | |
| (घ) | दस्तखत | | |
| (ङ) | मिति | | कार्यालयको छाप |

अनुसूची-१०

(दफा ३१ को उपदफा (५) सँग सम्वन्धित)

**शैक्षिक वृत्ति/ अशक्त/जेहेन्दार/उच्चशिक्षा/प्रोत्साहान**

**छात्रवृत्ति अधिकार-पत्र**

छात्रवृत्ति

अधिकार -पत्र

नेपाल प्रहरी प्रधान कार्यालय

प्रहरी कल्याण कोष

नक्साल, काठमाडौं

**शैक्षिक वृत्ति/अशक्त/जेहेन्दार/उच्चशिक्षा/प्रोत्साहन**

**छात्रवृत्ति अधिकार-पत्र**

**क. बहालवाला/सेवानिवृत्त/अमर प्रहरी/अशक्त प्रहरी कर्मचारीको विवरण**

१.नाम, थर: ..........................................................................................

२.स्थायी ठेगाना/जिल्ला :.............................................................................

न.पा./गा.पा. :................................ वडा नं. ........................................

टोल :...........................................................................................

३.जन्म मिति: ..................................................... पद:................................

४.कार्यालय: ..................................................... मृत्यु मिति :......................

५.मृत्युको कारण :.........................................................................

..........................................................................................................

**ख. कर्मचारीको श्रीमती/सन्ततिको विवरण**

१. श्रीमतीको नाम, थर ...........................................................................

सन्तति i. .................................................... जन्म मिति :.........................

ii. ....................................................जन्म मिति :.........................

iii. ..................................................जन्म मिति :.........................

१

# प्रहरी कल्याण कोष

**ग. छात्रवृत्ति पाउने सन्ततिको विवरण**

क. नाम थर :..........................................................................................

जन्म मिति : ..........................................................................................

ठेगाना/ जिल्ला : ........................................................................................

न.पा./ गा.वि.स............................. वडा नं. ................ टोल :.........................

अध्ययनरत कक्षा .................................

ख. नाम थर : ...........................................................................................

नाम थर :..........................................................................................

जन्म मिति : ..........................................................................................

ठेगाना/ जिल्ला : ........................................................................................

न.पा./ गा.वि.स............................. वडा नं. ................ टोल :.........................

अध्ययनरत कक्षा................................

२

# प्रहरी कल्याण कोष

**छात्रवृत्ति पाउनेको** **रेखात्मक.................**

फोटो

......................

सही छाप

लेखात्मक

**अधिकार- पत्र प्रदान गर्ने अधिकारीको:**

दस्तखत :

नाम थर :

दर्जा :

**द्रष्टव्य :**

१. यो अधिकार पत्रको छात्रवृत्ति वापत तोकिए बमोजिमको रकम महानगरीय प्रहरी आयुक्तको कार्यालय, क्षेत्रीय प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर, जिल्ला प्रहरी कार्यालयहरूबाट दोहोरो नपर्ने गरी भुक्तानी पाइनेछ।

२. यस अधिकार वापतको रकम भुक्तानी भए पश्चात सम्बन्धित प्रहरी कार्यालयले नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी कल्याण महाशाखामा जानकारी गराइ सोधभर्ना माग गर्नुपर्नेछ।

३. यो सुविधा वापतको रकम बुझिलिन सम्बन्धित विद्यार्थी वा यस अधिकार पत्रले पाना नं. १ मा उल्लेख गरिएको बुबा/आमा आफ्नो परिचय खुल्ने कागजात सहित स्वयम उपस्थित हुनुपर्नेछ।

# प्रहरी कल्याण कोष

## छात्रवृत्ति भुक्तानी विवरण

**आ.व. ............................................................ कक्षा ..................................**

| वार्षिक पाउने रू. | पाउने व्यक्ति | भुक्तानी दिने अधिकारी |
|---|---|---|
| | **नाम :**<br><br>**नाता :**<br><br>**सही :**<br>**औठाछाप :** | **नाम :**<br><br>**दर्जा :**<br><br>**सही :**<br>**कार्यालयको छाप :** |

अनुसूची-११

(दफा ३४ को उपदफा (३) सँग सम्वन्धित)

**कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता निवेदन**

(खण्ड कः निवेदकले भर्ने)

निवृतिभरण प्राप्त गर्नेको फोटो

श्री नेपाल प्रहरी प्रधान कार्यालय,
कल्याण महाशाखा नक्साल, काठमाडौं ।

मार्फतः...................................

**विषयः** कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता उपलब्ध गराई पाउँ भन्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल प्रहरीमा सेवा गरी निवृत्त भएका ज्येष्ठ प्रहरी कर्मचारीलाई प्रहरी कल्याण कोषबाट उपलब्ध गराइने कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता उपलब्ध गराई पाउन तपशिल बमोजिमको आवश्यक विवरणहरू सहित निवेदन गरेको छु ।

(१) **कर्मचारीको विवरणः**

| | | |
|---|---|---|
| (क) | नाम,थर | |
| (ख) | शुरू नियुक्ती दर्जा/मिति | |
| (ग) | अवकाश हुँदाको दर्जा/मिति | |
| (घ) | निवृत्तिभरण अधिकार पत्र नम्वर | |
| (ङ) | बावुको नामथर | |
| (च) | बाजेको नामथर | |
| (छ) | स्थायी ठेगाना | |
| (ज) | अस्थायी ठेगाना | |
| (झ) | नागरिक्ता नम्वर र जारी जिल्ला | |
| (ञ) | सम्पर्क फोन नम्वर | |

(२) **निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) निवृत्तिभरण अधिकार पत्रको प्रतिलिपि ।

(ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) पासपोर्ट साइजको फोटो २ प्रति ।

(३) कल्याण कोष ज्येष्ठ प्रहरी भत्ता प्राप्त हुने भएमा भुक्तानी पाउन अनुरोध गरिएको जिल्लाः............................

(४) माथि उल्लेखित सम्पूर्ण विवरणहरू ठिक साँचो छन् र भनी सहीछाप गर्दछु ।

**निवेदकः**

दस्तखत
नामथर
ठेगाना
मिति

| दाँया | वाँया |
|---|---|
| | |

